जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



गर्मी याममा,
- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइड लगायत रोगको जोखिम बढी हुन्छ ।
- लामखुट्टे, झिँगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष २५ •अंक २९८ • २०७९ साल चैत ११ गते शनिबार (25 March, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-


## ३० औं आईजीपीमा कुँवर

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रहरी महानिरीक्षकमा वसन्त कुँवर नियुक्त भएका छन् । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) वसन्तबहादुर कुँवरलाई आईजीपीमा नियुक्त गरेको छ ।



सरकारको निर्णयसँगै कुँवर नेपाल प्रहरीको ३० औँ प्रहरी महानिरीक्षक बनेका छन् । प्रहरी महानिरीक्षकका पाँच जना प्रतिस्पर्धी मध्ये वरियतामा कुँवर एक नम्बरमा रहेका थिए ।

प्रहरी महानिरीक्षक बन्ने तीव्र प्रतिस्पर्धामा रहेका श्यामलाल ज्ञवालीलाई कुँवरले पछि पारेका छन्। कुँवर २०५१ साल चैत ५ मा इन्सपेक्टरबाट प्रहरी सेवामा प्रवेश गरेका थिए । सरकारले वरियता क्रम अनुसार निर्णय गरेको जनाइएको छ ।

वरिष्ठ उपरीक्षकबाट प्रहरी नायव महानिरीक्षकमा बढुवा हुँदा कुँवर एक नम्बर वरियतामा बढुवा भए । चैत ६ मा मन्त्रिपरिषद्ले कुँवरसहित ५ जनालाई प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा गरेको थियो । एआईजी हुँदा पनि कुँवर एक नम्बर वरियता क्रममा रहेका थिए । आईजीपी कुँवर यस भन्दा पहिला मधेश प्रदेशका डिआइजी भइ एआजीमा बढुवा भएका थिए ।

यता, नवनियुक्त प्रहरी महानिरीक्षक (आईजीपी) कुँवरले प्रहरीको आन्तरिक शुद्धीकरण आफ्नो प्राथमिकता हुने बताएका छन् ।

विगतदेखि संगठनले लिएका प्राथमिकतालाई नै आफूले निरन्तरता दिने बताउँदै उनले भने, 'त्यसबाहेक संगठनभित्र आन्तरिक शुद्धीकरण गर्नु मेरो मुख्य प्राथमिकता हुनेछ ।'

कुँवरले प्रहरीको मनोबल र छवि बढाउँदै सरकारको सुशासन र समृद्धिको यात्रामा सहयोगीको भूमिका खेल्ने बताए । उनले भने, 'प्रहरीको आचरण र व्यवहारमा पनि शुद्धीकरण गरेर संगठनको छवि उचाल्ने काम मेरो कार्यकालमा हुनेछ ।'

आफूले प्रणालीगत थिति बसाउने गरी काम गर्ने बताउँदै कुँवरले प्रोएक्टिभ पुलिसिङ गर्ने बताए । ३० वर्षे सेवा अवधि कायमै रहे उनीले एक वर्ष प्रहरी नेतृत्व सम्हाल्नेछन् ।

तीन दिनअघि मात्रै सरकारले उनीसहित ५ जनालाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको थियो । बढुवा भएका कुँवरसहित टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण बज्राचार्य आईजीपीका लागि प्रतिस्पर्धी थिए ।

### एनजिओको कब्जामा चन्द्रनगर

## करारको कर्मचारीलाई अधिकृत बनाएर भ्रष्टाचार

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिका गैर सरकारी संस्थाको अधिनमा रहेर अनियमितता गरिरहेको आरोप लागेको छ । पालिका अध्यक्ष राजकुमार महतोले आफ्नै निकट करारको कर्मचारी पच्चु माझीलाई योजना अधिकृत बनाएर भ्रष्टाचार गरेको आरोप लागेको छ।




नेपाली कांग्रेसका स्थानीय नेता सत्यदेव सिंहले पालिका अध्यक्ष महतोले काम भन्दा कमिशनलाई प्राथमिकता दिएको आरोप लगाएका छन् । ' उनलाई कामसँग कुनै मतलव छैन् । मात्र कमिशनमा उनको ध्यान छ,'महतोले भने,'पुर्णतः एनजिओ शैलीमा पालिका सञ्चालन गरिरहेका छन् ।' पालिकामा अहिले सम्म विकास निर्माणको काम शून्य भएको उनले आरोप लगाए ।



अध्यक्ष महतो भोर नामक गैर सरकारी संस्थाको सञ्चालक थिए भने माझि पनि उक्त संस्थामा आवद्ध थिए । उनी पालिका अध्यक्षमा निर्वाचित भएपछि विश्वासिलो पात्र माझीलाई करारमा नियुक्त गरेका थिए । अहिले दुबै जना मिलेर एनजिओ शैलीमा मनमौजी पालिका सञ्चालन गरिरहेको बताइएको छ । अहिले सम्म के र कुन निर्णय गरेको कसैलाई जानकारी नदिने गरेको उनले बताए । पाँच जना वडाध्यक्षलाई पालिका बारे कुनै जानकारी नगराएको र कार्यपालिका सदस्यहरुलाई ललाई फकाई काम गरेको उनले बताए ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता महेन्द्र महतोले पनि पालिका अध्यक्ष महतोमाथि चरम भ्रष्टाचार गरेको आरोप लगाए । महतो निर्वाचित भएसँगै २२ जना करारको कर्मचारी हटाएर पुनः आफू निकट २५ जनालाई घुस लिएर भर्ना गरेको उनको आरोप छ । दैनिक ज्यालादारीमा पनि कतिपय कर्मचारी राखेर निजी कामकाज गराएको उनले बताए। 'जब पालिकाले कर्मचारी आवश्यकता नरहेको भनेर हटायो तब फेरि किन भर्ना गऱ्यो,'उनले भने, 'जबकी हटाइएको कर्मचारीको मुद्दा अदालतमा विचाराधीन छ।'

पालिका अध्यक्ष महतोले तीन करोड आफ्नो मातहत र दुई करोड उपाध्यक्षलाई दिएर बजेट बाँडफाँट गरेको उनले जनाए। यी सबै रकमहरु गैर सरकारी संस्थामार्फत नै खर्चिरहेको उनको भनाइ छ । 'उनको आफ्नै व्यक्तिहरुले दर्जनौं एनजिओ चलाइरहेका छन् । उनीहरु सबै योजनामा सेटिङ गरेर काम गरिरहेका छन्,'उनले भने,'उत्पादनमूलक काम नगरेर वेकम्फुसे कमाउने काम मात्रै गरेका छन् ।'

पालिकाको अझै कतिपय विद्यालयमा किताबको पैसा नपुगेको उनले बताए । स्रोत शिक्षकहरुले चालु आर्थिक वर्षमा तलव नै बुझेका छैनन् । तर उनी जर्वजस्ती पालिका चलाइरहेको वडाध्यक्षहरुको कथन छ । जनप्रतिनिधिलाई बेवास्ता गरेपछि सात वटा पार्टीका प्रतिनिधिले संयुक्त रुपमा पालिकामा शुक्रबार सूचना माग गरेका छन् । लोसपा, कांग्रेस, राप्रपाका सत्यदेव सिंह, नेकपा माओवादी केन्द्रका लोकेन्द्र मुखिया, जसपाका नन्दलाल राय, शंकर चौधरी र नेकपा एकीकृत समाजवादीका भरत साहले संयुक्त रुपमा सूचना माग गरेका छन्।

पालिकामा अध्यक्ष महतो निर्वाचित भएर आएपछि गाउँ सभा, गाउँ विशेष परिषद्, कार्यपालिका सदस्यहरुले गरेको निर्णय र नियुक्त गरेको कर्मचारीहरुको नामावली/प्रकृया लगायत विषयको सूचना माग गरेका छन् । उनीहरुले सूचना उपलब्ध गराइदिन अनुरोध गर्दै उपलब्ध नभए आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् ।







# दोब्बर शुल्क लिएको भन्दै विद्यार्थीको प्रदर्शन

**टुडे समाचारदाता**

राजविराज । सरकारले तोकेको भन्दा दोब्बर शुल्क लिएर आर्थिक शोषण भइरहेको भन्दै शुक्रवार यहाँ विद्यार्थीहरुले विरोध प्रदर्शन गरेका छन् ।

राजविराज स्थित श्री केशो अनिरुद्धवति माध्यमिक विद्यालयका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुले रजिष्ट्रेशन फारम वापत मनपरी शुल्क असुली गरेको भन्दै प्रदर्शन गरेका हुन् । उनीहरुले बढी लिइएको शुल्क फिर्ता तथा सोको छानविन गरी दोषीमाथि कारवाहीको माग गर्दै कार्यवाहक नगरप्रमुख ईसरत प्रवीणलाई ज्ञापन पत्र समेत बुझाएका छन् । ज्ञापन पत्रमा परीक्षा नियन्त्रण कार्यालयले रजिष्ट्रेशन फारम वापत शुल्क ३ सय रुपैयाँ तोके पनि विद्यार्थीहरुबाट ५ सयका दरले असुली गरिएको र सो वापतको रसिद समेत नदिएको उल्लेख छ । ज्ञापन पत्र बुझ्दै कार्यवाहक नगरप्रमुख प्रवीणले तत्कालै सो विद्यालयका प्रधानाध्यापक भोगेन्द्र प्रसाद यादवलाई बोलाएर सो बारे सोधपुछ गरेका थिए ।



उनले विद्यार्थीको सहमति बेगर लिएको बढी रकम तत्काल फिर्ता गर्न निर्देशन समेत दिएकी छन् । विद्यार्थी राकेश यादवले यहाँ स्थित राजदेवी माध्यमिक विद्यालय र जनता मेमोरियल माध्यमिक विद्यालय समेतले रजिष्ट्रेशन फारम शुल्कको नाउँमा विद्यार्थीहरुबाट ५ सयदेखि १ हजार रुपैयाँसम्म विद्यालय प्रशासनले असुली गरिरहेको गुनासो पोखे ।

शिक्षा विकास तथा समन्वय ईकाई सप्तरीका निमित्त प्रमुख राजदेव यादवले विद्यार्थीहरुको गुनासो आएपछि शुक्रवार नै सम्बन्धित विद्यालयलाई तीन सय भन्दा बढी शुल्क नलिन तथा बढी लिएको भए सो रकम तत्काल फिर्ता गर्न निर्देशन सहितको पत्राचार गरिएको जनाएका छन् ।

# 'नगरलाई सफा राख्न घरदेखि नै सहयोग जरुरी'

जनकपुरधाम । स्वस्थ, स्वच्छ र सफा जनकपुरधामका लागि हरेक नागरिकले मनदेखि नै प्रतिबद्ध भएर सहयोग गर्न सरोकारवालाले आग्रह गरेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका र जिल्ला प्रशासन कार्यालय धनुषाको नेतृत्वमा हरेक शुक्रबार साप्ताहिकरूपमा भइरहेको बृहत् सरसफाइ कार्यक्रमअन्तर्गत छैटौँ हप्ताको सरसफाइ अभियानका क्रममा आज सरोकारवालाले नागरि कस्तरबाटै सहयोग अपरिहार्य रहेको बताउनुभयो ।



जनकपुरधामउपमहानगपालिकाप्रमुख मनोजकुमार साहले नगरलाई सफा राख्न घर, पसल तथा कार्यस्थलबाट निस्कने फोहरलाई जथाभावी नफाल्न नागरिकलाई सजग र सचेत गराउने उद्देश्यले उच्चपदस्त सरकारी कर्मचारीदेखि जनप्रतिनिधि सफाइ अभियानमा जुटेको बताउनुभयो ।

"आफ्नो नगर सफा राख्नु हरेक व्यक्तिको जिम्मेवारी हो । प्रतीकात्मकरूपमा हामी आफैँ सडकमा आएर फोहर उठाइरहेका छौँ", नगरप्रमुख साहले भन्नुभयो, "यस कार्यमा बृहत् नागरिक सहभागिता त जरुरी छ नै, त्योभन्दा बढी आफ्नो पसल, होटल, घर र कार्यस्थलबाट निस्कने फोहर व्यवस्थापनका लागि स्वयं व्यक्ति नै जिम्मेवार एवं सचेत बन्न जरुरी छ ।"

उहाँले नगरले फोहर व्यवस्थापनका लागि अत्यावश्यक सामग्री उपलब्ध गराउने र फोहर उठाउन गाडी पठाउनेलगायतका काम गरिरहे पनि नागरिकमा फोहर एक ठाउँमा जम्मा गर्ने बानीको विकास नहुँदा समस्या भइरहेको बताउनुभयो ।

"उहाँहरूले एउटा बोरा वा अरु भाँडोमा फोहर जम्मा गरेर हामीले पठाएको समयमा गाडीमा राख्ने काम गरिदिएमा पनि धेरै समस्या समाधान हुन्छ तर अहिले जथाभावी जहाँ खाली देख्यो त्यही फोहर फाल्ने काम भएकाले समस्या भएको छ", उहाँले भन्नुभयो । दोस्रो चरणको कार्यक्रमअन्तर्गत दण्ड, जरिवाना र अन्य कारबाहीका कार्यहरू अगाडि बढाउने उहाँको भनाइ छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशिराज दाहालले सामाजिककार्यका लागि हप्ताको एक दिन एक घण्टा छुट्याएर सरसफाइ अभियानमा जुट्न सबैलाई आग्रह गर्नुभयो । उहाँले नगरपालिका र वडा कार्यालयको तहबाट पनि सरसफाइ अभियानमा सहभागी हुन सबैलाई प्रेरित गर्नुपर्ने बताउनुभयो ।

"हप्तामा एक दिन एक घण्टा सामाजिक कामका लागि छुट्याउने भनेर हामीहरू हरेक शुक्रबार सरसफाइ अभियानमा जुटेका छौं । आज छैटौं हप्तासम्म आइपुग्दा सबै क्षेत्रको सहभागिता बढ्दै गएको छ", प्रमुख जिल्ला अधिकारी दाहालले भन्नुभयो ।

नेपाली सेना श्रीनाथ गण महेन्द्रनगर धनुषाका कर्णेल सुरेश देवकोटाले फोहर व्यवस्थापनका लागि बृहत् योजना बनाएर अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले सडकपेटी, चोक तथा धेरै जमघट हुने ठाउँमा फोहर फाल्ने डस्टविनको व्यवस्था गर्नुपर्ने र त्यसो गर्दा पनि समस्या समाधान नभएमा नागरिकलाई सचेत गराउन दण्ड जरिवानालगायतका अरू उपाय पनि अवलम्बन गर्नुपर्ने सुझाव दिनुभयो ।

"यसअघि पनि जनकपुरधाम, धनुषाधामलगायतका क्षेत्रमा साप्ताहिकरूपमा एक एक सय हप्ताभन्दा पनि लामो समयसम्म सरसफाइ अभियान भएका थिए", समाजसेवी ओम शर्माले भन्नुभयो, "जनकपुरमा फोहर व्यवस्थापनका लागि ठोस योजना बनाएर नागरिक तहमै त्यसको कार्यान्वयन गर्ने गरी अगाडि बढ्नुपर्छ ।"

धार्मिक नगरी भए पनि जनकपुरधाममा फोहर व्यवस्थापन हुन नसकेको भन्दै आलोचना हुने गरेको छ । रासस

# राजस्व संकलन गर्न जनकपुर भन्सार असफल

**टुडे समाचारदाता**

जनकपुरधाम । चालु आर्थिक वर्षको ८ महिना पूरा भइसक्दा पनि जनकपुर भन्सार कार्यालय जनकपुरधामले लक्ष्य अनुसारको राजस्व संकलन गर्न असफल देखिएको छ ।

चालु आर्थिक वर्षको वार्षिक लक्ष्य ४९ करोड ४४ लाख ५२ हजार रहेको जनकपुर भन्सार कार्यालयले फागुन मसान्त सम्म २२ करोड ७ लाख ४४ हजार ९ सय ७५ रुपैयाँ राजस्व असुली गरेको छ । अर्थात चालु आर्थिक वर्षको ८ महिना सम्ममा पनि भन्सार कार्यालयले ५० प्रतिशत पनि राजस्व संकलन गर्न सकेको छैन । गत वर्ष पनि जनकपुर भन्सार कार्यालयले वार्षिक लक्ष्य पूरा गर्न सकेको थिएन ।

गत वर्ष सो कार्यालयको वार्षिक लक्ष्य ४८ करोड ५५ लाख ९२ हजार रहेकोमा २२ करोड ७१ लख ४३ हजार मात्र राजस्व असुली गरेको थियो । अर्थात गत वर्ष जनकपुर भन्सार कार्यालयले लक्ष्य भन्दा २५ करोड ४४ लाख ९ हजार कम राजस्व असुली गरेको थियो ।

यता, जनकपुर भन्सार कार्यालय जनकपुरधामका प्रमुख भन्सार अधिकृत केशव राज ओलीले सीमावर्ति क्षेत्रमा कडाई गरिएकोले बाँकी रहेको ४ महिनामा लक्ष्य पूरा हुन सक्ने दावी गरेका छन् । सीमावर्ति क्षेत्रमा हुने तस्करी र चोर पैठारीका कारण वार्षिक लक्ष्य पूरा हुन नसकेको स्थानीय व्यापारीहरुको भनाइ छ ।





भन्सारको कर्मचारी र प्रहरीहरुकै मिलेमतोमा सीमावर्ति क्षेत्रमा रातिको समयमा तस्करी हुने गरेको जनकपुरका एक कपडा व्यापारीले बताए । दिउँसो सीमा नाकाहरुमा कडाई भएपनि रातिको समयमा केही तस्करहरुले भन्सारका कर्मचारी र प्रहरीलाई महिनावारी नै तोकेर तस्करी गराउदै आएका छन् ।

# महावाणिज्य दूतावासमा क्षयरोगमाथि छलफल

**टुडे समाचारदाता**

वीरगञ्ज । आजादी का अमृत महोत्सव र 'विश्व क्षयरोग दिवस' को अवसरमा भारतीय महावाणिज्य दूतावास वीरगञ्जद्वारा 'नेपाल र भारतको विशेष सन्दर्भमा दक्षिण पूर्व एशियामा क्षयरोगको प्रकोप बारे विशेष छलफल गरिएको छ ।

छलफलमा प्रा डा. प्रमोदकुमार सर्राफ, निर्देशक, नारायणी केन्द्रीय अस्पताल, वीरगञ्ज डा. श्यामबाबु साह, अर्थोपेडिक सर्जन, डा. विकास शाह, बालरोग विशेषज्ञ तथा डा. राजु जैसवाल, एमडी प्यानल सहभागिता रहेको थियो । कार्यक्रममा वाणिज्य दूतावासका करिब ३५ सदस्यहरुको सहभागिता रहेको थियो । आफ्नो टिप्पणीको क्रममा कन्सुल जनरल नितेश कुमारले भारत र विश्वमा क्षयरोगको व्यापकता र गम्भीरताको बारेमा कुरा गरे र भारत सरकारको सन् २०२५ सम्ममा क्षयरोग निर्मूल गर्ने लक्ष्य राखेको संकल्प दोहोर्याएका थिए । सन् २०३० सम्ममा क्षयरोग उन्मूलन गर्ने विश्वव्यापी लक्ष्य रहेको छ ।




सो कार्यक्रममा डाक्टरहरूले गरिबी, कुपोषण, अस्वच्छता र अन्य सामाजिक-आर्थिक पिछडिएको क्षेत्रहरूमा यसको व्यापकतालाई विशेष सन्दर्भमा क्षयरोगको इतिहास, लक्षण, कारण, निदान, रोकथाम, उपचार आदि बारे जानकारी गराएका थिए । क्षयरोग रोकथाम र निको पार्न सकिने रोग भए पनि विश्वभर संक्रमित बिरामीको १० देखि १५ प्रतिशतको मृत्यु हुने क्षयरोग अझै खतरनाक रोग रहेको उनीहरुले जानकारी दिए । क्षयरोग निम्त्याउने ब्याक्टेरिया 'माइकोब्याक्टेरियम ट्युबरकुलोसिस' ले मुख्यतया फोक्सोमा असर गर्ने तर हड्डी, मिर्गौला, आन्द्रा र कपाल बाहेक मानव शरीरका अन्य सबै अंगमा समेत असर पार्न सक्ने उनीहरुले जानकारी दिए ।

# शिक्षक संघ बाराको अध्यक्षमा सहनी निर्वाचित

**टुडे समाचारदाता**

बारा । नेपाल शिक्षक संघ बाराको नवौ जिल्ला अधिवेशनबाट राजकिशोर सहनी निर्वाचित भएका छन । सहनीले शिक्षक संघको निवर्तमान अध्यक्ष परमहंस यादवलाई हराउदै विजयी भएका छन् ।



सहनीले १ हजार १ सय १७ मत ल्याइ विजयी भए । यादवले ८ सय ७७ मतमा मात्र चित बुझाउनु परेको छ । त्यसै गरी महिला उपाध्यक्षमा अनिला चौधरीले १ हजार ७३ मत, खुल्ला उपाध्यक्षमा सुवास यादवले १ हजार ५२ मत, सचिवमा सुकदेव यादव ८ सय ७७ मत, अर्थ सचिवमा ऋषिकान्तले १ हजार ६५ मत ल्याइ विजयी भएका निर्वाचन अधिकृत पवन प्रसाद यादवले जानकारी दिए ।

त्यसै गरी सहसचिवमा रामबिनय यादवले ९ सय ९७ मत, सहसचिव समावेशीमा गंगा बाग्लेले ८ सय ७० र अर्का सहसचिवमा धनीराम १ हजार २ सय ११ मत ल्याइ निर्वाचित भएका छन । जम्मा २ हजार २ सय २२ मतदाता रहेकोमा २ हजार ४० मत मात्र खसेको थियो । निर्वाचनमा राजनीतिक दलहरुको सक्रियता पनि निकै रोचक रहेको थियो ।

# नेपालमा ३२ हजार क्षयरोगी उपचारबाट वञ्चित

काठमाण्डु । नेपालसहित विश्वभर आज विश्व क्षयरोग दिवस मनाइँदै छ । 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं' मूल नाराका साथ विश्व क्षयरोग दिवस मनाउन लागिएको छ ।

नेपालमा वर्षेनी नयाँ क्षयरोगका ६९ हजार बिरामी भेटिने गरेका छन् । हरेक वर्ष १७ हजार व्यक्तिको क्षयरोगका कारण निधन हुने गरेको राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निमित्त निर्देशक नवीनप्रकाश शाहले जानकारी दिनुभयो । नियमित औषधि खाए रोग निको हुने उहाँ बताउनुहुन्छ । आर्थिक वर्ष २०७८/७९ मा नेपालमा ३७ हजार आठ सय ६१ विश्व क्षयरोगका बिरामीको उपचार हुने गरेकामा ९१ दशमलव पाँच प्रतिशत बिरामी निको हुने गरेका छन् । क्षयरोगीमध्ये ६१ दशमलव छ प्रतिशत पुरुष, ३८ दशमलव चार प्रतिशत महिला र आठ दशमलव सात प्रतिशत (१५ वर्षभन्दा मुनिका बालबालिका) रहेका छन् ।

केन्द्रका निर्देशक डा शाहले वार्षिक करिब ३२ हजार क्षयरोगका बिरामी उपचारभन्दा बाहिर रहेको बताउनुभयो । "झण्डै ३२ हजार क्षयरोगका बिरामीलाई उपचारको दायरामा ल्याउन सकिएको छैन । यो एक चुनौतीको रुपमा रहेको छ", उहाँले भन्नुभयो ।

नेपालमा औषधि प्रतिरोधी क्षयरोगका अनुमानित बिरामीको सङ्ख्या करिब दुई हजार आठ सय रहेको छ । यो सङ्ख्या नेपालको कूल जनसङ्ख्याको अनुपातमा अन्त्यन्त धेरै हो । विश्व स्वास्थ्य सङ्गठनले सन् २०२१ देखि नेपाललाई औषधि प्रतिरोधी क्षयरोगको उच्च प्रकोप भएका ३० देशको सूचीमा समावेश गरेको छ ।

आव २०७८/७९ मा राष्ट्रिय क्षयरोग कार्यक्रममा नौ सय ४२ जनामा औषधि प्रतिरोधी क्षयरोग पहिचान भएको थियो भने छ सय ५९ जना मात्र उपचारमा थिए । विश्व स्वास्थ्य सङ्गठनको वार्षिक प्रतिवेदन २०२२ अनुसार सन् २०२१ मा संसारभरि ६० लाख पुरुष, ३४ लाख महिला र १२ लाख बालबालिका गरी एक करोड छ लाख मानिस क्षयरोगबाट ग्रसित हुने गरेका छन् ।रासस

# तीन वर्षमा चार सय ८४ जनाको मृत्यु

काठमाण्डु । गत फागुन २४ गते साँझ काठमाडौँको शङ्खरापुर नगरपालिका साँखुस्थित इन्द्रायणीमा भएको सवारी दुर्घटनामा पत्रकार ५० वर्षीय पवनलाल श्रेष्ठको ज्यान गयो । साँखु-जोरपाटी सडकखण्डमा साँखुबाट ब्रम्हखेल जाँदै गरेको बा५ख २४१४ नम्बरको टिपरले पत्रकार श्रेष्ठले चलाएको बा९४प ४४९८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा साँखुबाट प्रकाशित हुँदै आएको लावण्य साप्ताहिक पत्रिकाका प्रधान सम्पादक श्रेष्ठको मृत्यु भयो ।

सोही दिन सोही टिपरको ठक्करबाट साँखुका २२ वर्षीय हरि खड्काको समेत ज्यान गयो । खड्काले चलाएको बा८२प ८३५७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा उनको मृत्यु भएको हो । एकैपटक एउटा टिपरले दुई सवारी साधनलाई ठक्कर दिँदा दुवैजनाको मृत्यु भएको थियो । उक्त दुर्घटनामा २० वर्षीय पुनम श्रेष्ठ गम्भीर घाइते हुनुभयो ।

यस्तै, गत माघ १४ गते काठमाडौँ महानगरपालिका-१५ स्वयम्भुस्थित चमतीमा ट्याङ्करको ठक्करबाट ५५ वर्षीय नरेन्द्रमुनि बज्राचार्यको मृत्यु भयो । प्रदेश ३-०१-००३ क ७५१२ नम्बरको ट्याङ्करले बा ८१ प १७८६ नम्बरको स्कुटरलाई ठक्कर दिँदा उनको ज्यान गएको हो ।

यीमाथि उल्लेखित घटना प्रतिनिधिमूलक घटनामात्र हुन् । पछिल्लो समय काठमाडौँ उपत्यकाभित्र सवारी दुर्घटनाका कारण बर्सेनि सयौँ व्यक्तिले अकालमा ज्यान गुमाउँदै आएका छन् । आफूले ठीक ढङ्गबाट सवारी साधन चलाउँदा चलाउँदै पनि अर्को सवारी साधनका कारण अकालमा ज्यान गुमाउनुपरेको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षको हालसम्ममा काठमाडौँ उपत्यकाभित्र छ हजार आठ सय तीन सवारी साधन दुर्घटनाबाट एक सय २७ जनाको मृत्यु भएको छ । यस्तै, एक सय ५४ जना गम्भीर घाइते भएका छन् भने पाँच हजार एक सय २७ जना सामान्य घाइते भएका छन् ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : धन बृद्धि सञ्चय । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# 'मधेश प्रदेशमा क्षयरोगीका लागि विशेष अस्पताल स्थापना गरिने'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सामाजिक विकास मन्त्री सुरिता साहले मधेश प्रदेशमा क्षयरोग उपचारका लागि विशेष अस्पतालको स्थापना गरिने बताएकी छन् ।



विश्व क्षयरोग दिवसको अवसरमा जनकपुरधाममा आयोजित कार्यक्रममा मन्त्री साहले क्षयरोग न्यूनीकरणका लागि देशको सातै प्रदेशमा विशेष अस्पताल निर्माण हुने जानकारी दिँदै भनिन्,'मधेश प्रदेशका थुप्रै जिल्लाहरु क्षयरोगको उच्च जोखिममा रहेको बुझेको छु,र यसकोलागि विशेष अस्पताल स्थापना आवश्यक छ र सोको लागि पहल शुरु भइसकेको छ ।'

क्षयरोग नियन्त्रणका लागि प्रदेश सरकारले पनि आफ्नो भूमिका निर्वाह गर्नु पर्ने बताइन् । क्षयरोगको उपचार हुने अस्पतालहरुमा अनुगमन गर्नका लागि अनुगमनसमिति बनाएर अगाडि बढ्न उनले स्वास्थ्यकर्मीहरुलाई निर्देशन दिएकी थिइन् ।

आवश्यकता अनुसार समिति निर्माण गरी अनुगमन गरेर देखिने चुनौतीहरुको समाधान गर्दै जानु पर्ने उनको कथन थियो । मधेश प्रदेशभरिमा १४ हजार १ सय ९९ क्षयरोगीहरुको जाँच हुनु पर्नेमा ८ हजार ९ सय ८१ जना मात्रै केस नोटिफिकेशन भएको प्रति चिन्ता व्यक्त गर्दै मन्त्री साहले भनिन्,'लक्ष्य भन्दा किन यत्ति धेरै न्यून केस नोटिफिकेशन भएको छ त्यसको पत्ता लगाउनु पनि समय-समयमा अनुगमन जरुरी छ।'

लक्ष्मिनियाँ गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रको सभापतित्वमा भएको सो कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका क्षयरोगले मृत्युको संघारमा पुगेर औषधि उपचार गरेर स्वस्थ्य भएका दुई जनालाई सम्मान समेत गरिएको थियो । जनकपुरधामका कविता साह र देवनारायण गडेरीलाई मन्त्री साहले गमछा ओढाइ सम्मान गरेकी थिइन् ।

कार्यक्रममा मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका क्षयरोग सम्पर्क व्यक्ति राजवीर यादवले मधेश प्रदेशका आर्थिक वर्ष २०७८/७९मा ८ हजार ९ सय ८१ जना क्षयरोगका रोगीहरुको जाँच भइरहेको जानकारी दिए । उनले मधेश प्रदेश क्षयरोगको जोखिममा रहेकोले क्षयरोग न्यूनीकरणका लागि स्वास्थ्यकर्मी मात्र होइन विभिन्न क्षेत्रका व्यक्तिहरुले आ-आफ्नो स्तरबाट हातेमालो गरी अगाडि बढ्नु पर्ने आवश्यकता औंल्याए ।

सेभ द चिल्ड्रेन, लक्ष्मिनियाँ गाउँपालिका, स्वास्थ्य कार्यालय धनुषा, स्वास्थ्य निर्देशनालय मधेश प्रदेशलगायतको संघ संस्थाहरुको संयुक्त आयोजनामा भएको कार्यक्रममा विभिन्न स्वास्थ्य संस्थाका प्रतिनिधिहरु,स्वयम् सेविकाहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

# कानूनी लडाइमा अल्झिएको नारायणी अस्पताल

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज स्थित नारायणी अस्पतालको अवस्था बिजोगपूर्ण छ । सरकारले केन्द्रीय अस्पताल घोषणा गरेको ४ बर्ष बितिसक्दा पनि अवस्था जस्ताको त्यस्तै छ ।

ठेक्कापट्टालाई लिएर सर्वोच्चमा चलिरहेको कानूनी लडाइको कारण सरकारले पास गरेको १ अर्ब ५५ करोड भन्दा बढीको अस्पताल भवन निर्माण योजना अलपत्र परेको छ । नारायणी अस्पताल मध्य तराइका धनी वर्गबाहेक मध्यम, निम्न र अतिविपन्न वर्गका मानिसको लागि उपचार गराउने मुख्य स्वास्थ्य केन्द्रको रुपमा रहदै आएको छ । यस अस्पतालमा उपचारका लागी नेपाली मात्र नभइ सीमावर्ती भारतीय पनि त्यतिकै आउने गरेका छन् । नारायणी अस्पतालको इतिहास पुरानो छ । स्थानीय व्यापारी र जनताको चन्दाबाट २०२८ सालमा महेन्द्र आरोग्य भवनको रूपमा स्थापित यो अस्पतालले अहिले ५१ वर्ष लामो इतिहास कायम गरिसकेको छ । यो अवधिमा कुनै समय अस्पतालको सेवा झनै प्रभावकारी थियो राजधानको वीरअस्पताल पछि नारायणी नै उत्तम उपचार दिने थलो हुने गर्थ्यो । पर्सा जिल्लामा नै निजी अस्पतालको अवधारणा विकसित नभएको बेला सबै वर्गका लागि यो अस्पतालबाटै सेवा लिनुपर्ने बाध्यकारी अवस्था पनि थियो ।




केन्द्रीय भनिए पनि नारायणी अस्पतालको वर्तमान अवस्था कहालीलाग्दो छ । पुरानो जीर्णभवन र ५२ सालको दरबन्दीबाट अस्पतालको उपचार रामभरोसे पारामा चलिरहेको छ । स्वास्थ्य मन्त्रालयवाट स्वीकृत १ सय ५० र विकास समितिले निर्धारण गरेको १०० सैया क्षमता भएको यो अस्पतालमा ४सय ५०सैयाबाट उपचार दिने गरिएको छ ।

नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७५ पुष १६ गते बसेको बैठकले वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पताल, कोशी अञ्चल अस्पताल विराटनगर, भरतपुर अस्पताल चितवन, भेरी अञ्चल अस्पताल, नेपालगञ्ज र डडेल्धुरा उपक्षेत्रीय अस्पताललाई विशेषज्ञ सेवा सहितको अस्पतालमा रुपान्तरण गर्ने निर्णय गरेको थियो ।

सरकारले घोषणा गरेको ४ बर्ष बितिसक्दा पनि अस्पतालको भौतिक,जनशक्ति र प्रशासनिक अवस्थामा खासै रुपान्तरण भएको छैन । अस्पताल अहिले पनि २०५२सालकै दरबन्दीमा चलिरहेको छ ।सरकारको निर्णयसँगै अस्पतालको बोर्ड फेरिए पनि काम कारवाहीमा कुनै परिवर्तन छैन ।स्वास्थ्य मन्त्रालयले उपक्षेत्रीय अस्पतालको रुपमा रहेको नारायणी अस्पताललाई विशेषज्ञ सेवासहित ५०० बेडको प्रदेश २ कै ठुलो केन्द्रीय अस्पतालको रुपमा स्तरोन्नति गरेको थियो । निर्णय पूर्णरुपमा कार्यान्वयन भएसँगै मध्यतराईका जनताले स्वास्थ्य सेवाको लागी राजधानी र भारतको विभिन्न सहरहरुमा धाउने ठूलो समास्याबाट वञ्चित हुने आशा लिएको छ ।

सरकारले केन्द्रीय अस्पताल घोषणा गरेसंगै एकीकृत स्वास्थ्य विकास कार्यक्रम अन्तर्गत सुविधासम्पन्न भवन बनाउनको लागि १अर्ब ५५करोडको बजेट निकासा गरेको थियो ।तर ठेकेदार र सहरी विकास तथा भवन निर्माण विभाग बीचको कानूनी लडाइका कारण मधेश प्रदेशका जनता पाउनु पर्ने स्वास्थ्य सेवाबाट बञ्चित भएका छन । स्वास्थ्य संरचना बनाउने जस्तो गम्भीर विषयमा सर्वोच्च अदालतले २ वर्ष सम्म निर्णय नदिँदा वीरगञ्जको नारायणी अस्पताल ५ सय सैयाको भवन बनाउने योजना अलपत्र परेको छ। भवन निर्माणको लागि ठेक्का पाएको कम्पनी र सहरी विकास तथा भवन निर्माण विभाग बीच ठेक्का प्रक्रियाका विषयमा विवाद भएपछि योजना अलपत्र परेको छ ।

# सरस्वतीको प्रतिमा हस्तान्तरण

**टुडे समाचारदाता**

जनकपुरधाम । धर्म संस्था जनकपुरधामले विभिन्न कार्यक्रम गरी ७९ औं जन्मोत्सव मनाएको छ। जन्मोत्सवको अवसरमा संस्थाले जनकपुरधामउपमहानगरपालिका-२० देवपुरास्थित जनता माध्यमिक विद्यालयमा सरस्वती भगवानको प्रतिमा प्रदान गरेको छ। धर्म संस्थानले शुक्रबार जनकपुरधामस्थित संस्थामा आयोजित एक समारोहबीच विद्यालयमा स्थापनार्थ शंखमरमर निर्मित सरस्वती माताको प्रतिमा विद्यालयका प्रधानाध्यापक पवनकुमार कर्णलाई हस्तान्तरण गरिएको छ।



धर्म संस्थाका सभापति दिवाकर प्रसाद साहको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रधानाध्यापक कर्णले शिक्षा क्षेत्रमा संस्थाले गरेको लगानी अविस्मरणीय मात्र नभइ अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरे । उनले प्रतिमा लिँदै जति सक्दो चाँडो प्रतिमालाई विद्यालय परिसरमा रहेको मन्दिरमा स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यसैगरी संस्थाले जन्मोत्सवको अवसर पारेर प्राज्ञिक विद्यार्थी परिषदका २५ जना विद्यार्थीहरुका लागि झोला प्रदान गरेको छ। परिषदका पदाधिकारीहरुको अनुपस्थितिका कारण सो झोला शनिबार हस्तान्तरण गरिने संस्थाका ईन्जिनियर रजनीश झाले बताए।

कार्यक्रममा संस्थाका सचिव लक्ष्मण प्रसाद साह,राम पल्टन साह,श्री प्रसाद साह तथा शंकर साहसहितका व्यक्तिहरुको सहभागिता रहेको थियो । स्व.रामस्वरुप रामसागर साहकै स्मृतिमा स्थापनामा भएको धर्मसंस्थाले जनकपुरधामको शिक्षा क्षेत्रमा विभिन्न रुपमा योगदान दिँदै आएको छ।

# बलात्कार आरोपमा शिक्षक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा विद्यार्थीलाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा एक शिक्षक पक्राउ परेका छन् । सबैला नगरपालिका ३ स्थित सनराइज बोर्डिङ स्कुलका शिक्षक जितेन्द्र यादव पक्राउ परेका छन् ।

गत साता विद्यालयमै पढ्न आएकी एक बालिकालाई शौचालयमा लगेर उनले दुष्कर्म गर्ने प्रयास गरेका थिए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएपछि शिक्षक यादव फरार भएका थिए। शुक्रबार उनलाई लुकिछिपि बसिरहेको अवस्थामा पक्राउ गरिएको धनुषाका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए।


११ वर्षीया बालिकामाथि दुष्कर्मको प्रयास गरी फरार भएपछि उनको परिवारले बलिकाको आमाबुबालाई धम्की तथा प्रलोभन दिएर घटना दबाउन खोजेका थिए भने विद्यालयका प्राधानध्यापकले पनि विद्यालयको बदनामी हुने डरले शिक्षककै पक्षधर बनेका थिए। बालिकाको स्वास्थ्य चेकजाँच भइसकेको छ।

# वित्तीय साक्षरताकालागि विद्यार्थीसंग छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । 'पैसाको योजना बनाउनुस भविष्यको योजना बनाउनुस' भन्ने मूलनाराका साथ नेपाल राष्ट्रबैंक जनकपुरधामले 'ग्लोबल मनी विक' वित्तीय साक्षरता सम्बन्धी जनचेतनामुलक कार्यक्रमको आयोजना गरी मनाएको छ।

बैंकले ग्लोबल मनी विक अन्तर्गत शुक्रबार जनकपुरधामका बैचलर अफ बिजनस एडमिनिस्ट्रेसन (वीवीए)मा अध्ययनरत विद्यार्थीहरुसंग वित्तीय साक्षरता अभिबृद्धि सम्बन्धी एकदिने छलफल कार्यक्रमको आयोजना गरेको छ।




कार्यक्रममा शाखाका कायम मुकाम निर्देशक सुजन खनालले वित्तीय स्रोत र साधनलाई प्रभावकारी व्यवस्थापन गर्ने ज्ञान र सीप हरेक नागरिकमा हुनु पर्ने बताए। राष्ट्र बैंकको एक तथ्यांक अनुसार अझै पनि ३० प्रतिशत भन्दा धेरै नागरिक बैंकिङ पहुँचमा जोडिन नसकेको बताउँदै उनले भने,'वित्तीय साक्षरताले मानिसको दैनिक जीवन यापनमा आर्थिक व्यवस्थापन गर्न सहज हुन्छ भने भविष्य सुरक्षित हुन्छ त्यसैले देशका हरेक नागरिकमा साक्षरता आवश्यक छ।'

सानो उमेरदेखि नै, बचत गराउने, भएको पैसाको सदुपयोग गर्ने, अनावश्यक क्षेत्रमा लगानी कम गर्ने, कर्जा लिंदा कर्जाको उपयोगिताको बारेमा सिकाउने, ऋण नतिर्दाको असर, त्यसको बारेमा ज्ञान दिने, रेमिट्यान्स सही तवरले भित्रियाउने, हुण्डी भनेको गलत हो भनेर सिकाउने लगायत कुराहरु वित्तीय साक्षरतामै आधारित रहेकोले वित्तीय साक्षरताको लागि जनचेतजनामुलक कार्यक्रमलाई बैंकले निरन्तरता दिँदै आएको उल्लेख गरे।

'हामीले विद्यार्थीहरुलाई सहभागी गराएर यसवर्षको कार्यक्रम सञ्चालन गरेका छौं । यो सिक्ने उमेर पनि हो। यो उमेरमा उनीहरुले जानेनन् भने भोलि अप्ठ्यारो पर्न सक्छ ।' कार्यक्रममा सहभागी ४० जना वीवीएको प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई ईंगित गर्दै भने। 'अब आउने पिँढीलाई त्यस्तो नहोस् भनेर नै यस वर्ष विद्यार्थीलाई बढी फोकस गरेका हौं ।

वित्तीय साक्षरता नहुँदा नै विभिन्न नागरिकहरु आर्थिक रुपमा ठगिने गरेकोले वित्तीय साक्षरतालाई विद्यार्थी जीवनदेखि नै जानकारी दिनु पर्ने आजको आवश्यकता उनले औंल्याए। जन्मदेखि मृत्यु पर्यन्त मात्र नभइ मृत्यु पश्चात पनि पैसाको काम पर्ने भएकोले आर्थिक व्यवस्थापनका निम्ति प्रत्येक नागरिकमा वित्तीय साक्षरता सम्बन्धी जनचेतना अभिबृद्धिका लागि राष्ट्र बैंकले अभियानकै रुपमा कार्यक्रमहरु सञ्चालन गर्दै आएको उनले बताए।

'वित्तीय साक्षरताले फजुल खर्च रोक्न,पैसाको सुरक्षा गर्न,पारदर्शिता कायम गर्न,बैंकबाटै आर्थिक कारोबार गर्नेलगायतको गतिविधिमा बृद्धि हुन्छ।',उनले प्रष्ट पारे । ग्लोबल मनी विक यस वर्ष २०देखि २६ मार्च सम्म परेको र यस अवधिमा विश्वभरिका १ सय ७६ वटा देशमा विभिन्न कार्यक्रम गरी मनाइएको जानकारी दिँदै उनले भने,'देशकै कुरा गर्ने हो भने विभिन्न बैंकले अलग-अलग कार्यक्रमको आयोजना गरेको छ र यसको एक मात्र उद्देश्य सर्वसाधारणमासमेत वित्तीय साक्षरता सम्बन्धी जनचेतनाको अभिबृद्धि ।'

कार्यक्रममा सहभागी ४० जना वीवीएका विद्यार्थीहरु शेयर लगानीलगायतका वित्तीय विषयबारे अनभिज्ञता जनाएका थिए।

निर्देशक खनालको सभापतित्वमा भएको सो कार्यक्रममा जनकपुरधाम शाखाका उपनिर्देशक अच्युत कुमार थापा,कायममुकाम उपनिर्देशक प्रियंका ठाकुरलगायतकाले विद्यार्थीहरुलाई वित्तीय साक्षरता सम्बन्धी प्रशिक्षण दिएका थिए । कार्यक्रममा जनकपुरधाम मोडेल मल्टिपल क्याम्पसका बीबीएको प्रथम वर्षमा अध्ययनरत ४० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो।

# पर्यटनको काम द्रुत गतिमा

**टुडे समाचारदाता**

जनकपुरधाम। पर्यटन विकास कार्यालय धनुषाको काम द्रुत गतिमा अगाडि बढेको छ। उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय मातहतको यस कार्यालयले टेण्डर प्रकृयाबाट धमाधम काम अगाडि बढाएका छन् ।

कार्यालयले विवादित योजना मन्त्रालयलाई फिर्ता गरी करिव ६९ करोडको काम अगाडि बढाएको कार्यालयले जानकारी दिएको छ। दश लाख भन्दा माथिको सबै योजना इबिडिङ गरी काम सुरु गरेको जनाएको छ। काम सुरु गरेको निर्माण कम्पनीहरुलाई कार्य प्रगतिको आधारमा भुक्तानी दिइने जनाइएको छ।

उपभोक्ता समितिमार्फत गुणस्तरीय काम नहुने, विवाद धेरै हुने र प्रकृया झन्झिटिलो हुने भएको हनाले टेण्डर प्रकृयाबाट काम अगाडि बढाइएको कार्यालयका एक कर्मचारीले बताए। यसले कार्यालय पारदर्शितासहित समयमै काम हुने विश्वास गरिएको छ।

# जीतपुरसिमरा उपमहानगरपालिकाको सातौँ नगर सभा सम्पन्न

**टुडे समाचारदाता**

बारा । जीतपुरसिमरा उपमहानगरपालिकाको सातौँ नगर सभा बाराको सिमरामा सम्पन्न भएको छ । नगर सभाको उद्घाटन जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले गरेका थिए। नगर प्रमुख पौडेलले सम्झौता भएका योजनाहरुलाई कार्यान्वयनतर्फ तीव्रता दिने बताए।




उनले काम नगर्ने ठेकेदारलाई दबाब दिएर भए पनि काम गर्न बाध्य पारिने जानकारी दिए। फोहरमैला ब्यवस्थापनलाई आधुनिक तरिकाले ब्यवस्थापन गर्न लागेको नगर प्रमुख पौडेलले बताए । त्यसका लागि फोहर व्यवस्थापन गर्ने एजेन्सीसँग कुरा भईसकेको तर ठाउँ छनोटमा अलि समस्या भइरहेको उनले जानकारी दिए।

कार्यक्रममा नगर उप प्रमुख भोला प्रसाद अधिकारीले उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९।८० को संशोधित बजेट र बिद्येयक प्रस्तुत गरेका थिए। नगर सभामा नगर उप प्रमुख अधिकारीले नगर प्रहरी बिधेयक ,खानेपानी ,सरसफाई तथा स्वच्छता सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक ,बन बिधेयक ,सिँचाई बिधेयक ,भाषा,कला ,सँस्कृति सम्बन्धी बिधेयक ,संचार बिधेयक र खेलकुद बिकास बिधेयक प्रस्तुत गरिएकोमा सर्बसम्मत रुपले पारित गरेको छ । चालु आर्थिक बर्षमा चालु खर्च ९९ करोड ४६ लाख ८ हजार ,पूँजीगत खर्च ६७ करोड ६९ लाख १२ हजार र सशर्त अनुदानको खर्च ५३ करोड ५१ लाख ७५ हजार गरी जम्मा २ अर्ब २० करोड ६६ लाख ९५ हजार खर्च अनुमान पेश गरिएकोमा फागुन मसान्त सम्ममा चालु तर्फ ५८ करोड ५८ लाख ५२ हजार र पूँजीगततर्फ ६ करोड ४७ लाख ९९ हजार गरी जम्मा ६५ करोड ६ लाख ५१ हजार खर्च भई कुल खर्चको अनुमानको २९.४८ प्रतिशत प्रगति भएको छ। चालु आर्थिक बर्षको फागुन मसान्त सम्मको वितीय प्रगति हेर्दा उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन र वितीय खर्च निराशाजनक रहेको उप प्रमुख भोला अधिकारीले जानकारी दिए। प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले प्रशासनतर्फ उठेका प्रश्नको जवाफ दिए।

# नेपाल शिक्षक संघ मधेश प्रदेशको अधिवेशन शुरु

**टुडे समाचारदाता**

राजविराज । 'शिक्षकको मर्यादित पेशा, विद्यार्थीलाई जीवनोपयोगी शिक्षा' नाराका साथ शुक्रवार देखि राजविराजमा नेपाल शिक्षक संघ मधेश प्रदेशको दोश्रो प्रदेश अधिवेशन शुरु भएको छ।

अधिवेशनमा प्रदेश अन्तर्गतका ८ वटै जिल्लाका शिक्षक संघका प्रतिनिधि सहभागी भएका छन् ।




अधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि नेपाल शिक्षक संघका संघीय अध्यक्ष राजेन्द्र राज पौडेलले शिक्षकका पेशागत अधिकार सुनिश्चित हुनुपर्नेमा जोड दिए।

शिक्षकको पेशागत अधिकार सुनिश्चित भए शैक्षिक विकास र लोकतन्त्रप्रतिको आस्थामा समेत वृद्धि हुन्छ, उनले भने 'राज्यले यसतर्फ ध्यान दिनुपर्छ।'

चुनावी अधिवेशन समेत भएकाले ३ दिनसम्म चल्ने अधिवेशनले आगामी ४ वर्षका लागि नयाँ नेतृत्वको चयन गर्ने तथा घोषणा पत्र सार्वजनिक गर्ने संघका जिल्ला अध्यक्ष नारायण यादवले जानकारी दिए।

संघको मधेश प्रदेशका अध्यक्ष मेघनाथ यादवको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा संघका संघीय वरिष्ठ उपाध्यक्ष एमवी भुसाल, गंगाप्रसाद यादव, महासचिव सोमनाथ गिरी, लक्ष्मी किशोर सुवेदी, उपमहासचिव परशुराम यादव, नेपाली कांग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, सचिव प्रभुनारायण चौधरी लगायतले पनि शुभकामना दिदै शैक्षिक गुणस्तर सुधार्न विद्यालयहरुको भौतिक अवस्थामा सुधार तथा विद्यार्थीलाई शैक्षिक सत्र शुरु भए लगतै समयमै पाठ्यपुस्तक उपलब्ध गराउनुपर्नेमा जोड दिएका थिए।

# जनकपुर टुडेका फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएको कविता/गजलहरू

## कति चोट......?

आफ्नैले मलाई चोट दियो
माया गर्नेले घ्रिणा गरयो
कसलाई भनु म आफ्नो पिरा
आफनै पिराले म जल्छु प्रिए....२
के गरेका थिए मलाई
के गर्न खोज्यो मलाई
दैवले दिएको एक होरो हूं
म पागल बनी खोज्दै छु तलाई....२
न माया गर्थे म
न आँशु झार्थे
मुटु दियो तिमिलाई
बदली दिए हुन्थें....२



**शब्द:- विरेन्द्र कुमार विवस**
**न.पा. हँसपुर ०८ भतही (धनुषा)**
**मा.वि. झटियाहि**

## परिवर्तन

लुकाएका हुन्छन् क्यौं राजहरु,
जब बद्लिन खोज्छन् समाजहरु,
ध्वस्त हुन्छन् क्यौ साम्राज्यहरु,
ठाउँ सर्छन्,कयौ चिल र बाझहरु।
जाँदैन कुनै प्रयत्न खेर,
हुन सक्छ अबेर,
जब उठ्छ उ कम्मर कसेर,
परिवर्तन गर्छ उ बनेर सेर।
परिवर्तन खोज्नेले, गाली र ताली,
लालचको टुक्रा पर फाली,
ल्याउँछ जब उ गुंगामा बोली,
जयजयकार हुन्छ उसको हिर्दय खोली।
उसको प्रयत्नलाई दिन्छन सलामी।
उसको अन्तेष्टीमा लाखौं मलामी।
उसको अन्तेष्टीमा लाखौं मलामी ॥



**लेखक : उपेन्द्र ठाकुर**

## दोषी मित

जौं अहाँ दोषी नै छि!
त कैला अहाँके नैन,हमरा देखते ठकुवा जाईय?
त कैला हमरा देखते,अहाँके मुह सुठुवा जाईय?
खलखल हँसबला ठोर,कैला बकुवा जाईय?
कि ई सबटा प्रशन्न के जबाब छै? अहाँ ल,
त जबाब दिय,आ नै छै त सुनु"
जौं अहाँ दोषी नै रैहती,
त अहाँके नैन टकटक तकबे करित,
अहाँके लोल बकबक बजबे करित,
अहाँके ठोर खलखल हँसबे करित॥
अहाँ ईयाद करु उ दिन,
जखन अहाँ अपना हाथ सँ,आईग धरैने रहियै
हमर फौंटो आ देलहा हमर चिठ्ठी जरैने रहियै
अहाँ अपन थुकके छिट्टा सँ जे प्रहार कैने रहियै
और अहाँ कहैछी कि हम दोषी नै छि,
हमर मजबूरी छेल,केना क बिसवास करु हम !



**रचना:-रमेश मन्डल धानुक**
**मिथिला बिहारी नगरपालिका-१**
**भुतही पटेर्वा,धनुषा,नेपाल**

## स्वदेश जस्तो कहा छ विदेश

विदेशमा कहाँ सजिलो छ त पैसा कमाउन लाई
यहाँ त अनेक किसिमको दुःख कष्ट झेल्नु पर्छ
विहान देखि राति सम्म डिउटी गर्नु पर्छ
खानको ठेकान हुदैन हल गोरु जस्तै यहाँ
कामदार लाई जोतिदो रहेछ
डिउटि बाट थाकेर आउछु मेसको खाना हुन्छ
न स्वद पाउछु खानै मन लाग्दैन
जसो तसो भोक मेटाउन लाई खानै पर्छ
त्यही खाएर सुतन जान्छु
सुतदा खेरि यहाँ त उडुसले सुतनै दिदैन
किनकि यहाँ हर कम्पनीमा एहि हालत हुन्छ
उडुसको आतंक
अब त गर्मी पनि आउन लाग्यो र त्यसमा
पनि मुस्लिमहरुको ठुलो चाड तिहार ईद
यो ईदमा सबै मुस्लिम समुदायहरु विहान
उपवास रहन्छ हामीलाई बाहिर खान लाई
अफठ्यारो हुन्छ किनकी होटेलहरु पनि
यहाँ दिनमा खुल्दैन साँझ तिर मात्रहो खुल्ने
साइडमा खान मिल्दैन यदि साइडमा
खाएको देखेमा तीन हजार कतारी
रियाल जरिबना लाग्छ
स्वदेश जस्तो विदेश कहाँ हुदोरहेछ
यहाँ मुदिर फोरमेन र कम्पनीको चम्मचा
देखि धेरै सावधानी रहनु पर्छ
अलि कति काम मा ढिलासुस्ति गरेभन्ने
सेलरी काटछ एक दिन डिउटी गएन भन्ने
दुई दिनको सेलरी काटछ



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**

## धर्तिमाता को सन्तान

हें धर्तिमाता तिम्रो हुँ म सन्तान।
तिमि हौं सबकि प्यारी आमा।
तिम्रै छन सबै सन्तान।
जन्म दिने जन्म माता
गोद लिने धर्ति माता।
तिम्रो गोद मा हुर्केछु।
हे धर्तिमाता तिम्रो हुँ म सन्तान।
तिमि भन्दा हरुकोई छैन महान।
तिमि नभए हामी बाच्न सक्दैनौं।
हामी भए नभए तिमि बचि रहन्छौं।
मान्छेहरु कति-कति आत्माचार गर्छन।
आमा त्यति-त्यति सहने गर्छन।
यो छ धर्तिमाता म छुँ यसको सन्तान
यिनी भन्दा अरुकोई छैन यति महान।
जति भन्ने पनि गुणका कुनै निमित बखान।
सबै जिबका छन प्यारी आमा।
सबै जिव यिनकी सन्तान, अर्कोलाई छैन महान।



**लेखक:- मनिष कुमार राउत**

# 'रुबी' पात्रबाट मुक्त हुन नसकेकी जसिता

काठमाण्डु । फिल्म ' लिलिबिली'बाट सम्भावना बोकेको अभिनेत्रीको रुपमा उदाएकी जसिता गुरुङ तीन वर्षदेखि ठूलो पर्दामा देखिएकी छैनन् । २०७६ सालमा प्रदर्शन भएको फिल्म 'लभ स्टेशन'पछि उनले फिल्म 'आई एम ट् वान्टी वान' सम्झौता गरेकी थिइन् । त्यसबेलादेखि जसिताले तन, मन र समय यही फिल्मका लागि खर्चिएकी छन् । 'एन्टी हिरो'बाहेक उनले अरु फिल्म सम्झौता पनि गरेकी छैनन् ।


उनको लामो पखाई अब सकिँदैछ । 'आई एम ट्वान्टी वान' आगामी बैशाख २१ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्ममा गुरुङ 'रुबी' पात्रको भूमिकामा छिन् । डान्सर बन्न संघर्षरत युवतीको भूमिका निर्वाह गरेकी उनले नृत्यमा आफूलाई पोख्त बनाउन करिब डेढ वर्ष त डान्स सिकेकी थिइन् । तीन वर्षदेखि एउटै फिल्मलाई समय दिँदा उनी 'रुबी' पात्रबाट अझै बाहिर निस्कन सकेकी छैनन् ।

सार्वजनिक कार्यक्रममा समेत 'रुबी' पात्रको गेटअपमा पुग्ने गरेकी जसिता आफू पनि 'रुबी'लाई छाड्न नसक्ने बताउँछिन् । उनी भन्छिन्, 'म आफैंसँग सपना देख्छु । फिल्ममा पनि 'रुबी' पात्रले पनि आफूभित्र सपना देख्छे । यसैले मसँग 'रुबी' नजिक छिन् । म 'रुबी'लाई कहिल्यै छाड्न सक्दिनँ ।' यही फिल्ममा काम गरेपछि जसिता रियालिटी शो 'सुपर डान्सर'को निर्णायक भएकी थिइन् ।

फिल्मको कथामा आफूले गरेको जस्तै मिहिनेत रियालिटी शोमा पनि प्रतिस्पर्धीले गरेको देख्दा आफूलाई भावुक बनाएको उनको अनुभव छ । उनी भन्छिन्, 'म 'सुपर डान्सर'का बाबु-नानीहरुसँग धेरै पटक रोएकी छु । किनकी, मैले फिल्ममा त्यही पात्र बाँचेको छु, जुन 'सुपर डान्सर'का प्रतिस्पर्धीले बाँचेका थिए । म उनीहरुमा आफू देख्थें ।' 'रुबी' आफ्नो सधैं मनमा बस्ने उनको भनाई छ ।

फिल्मकी निर्देशक रेनशा वान्तवा राईले 'आई एम ट्वान्टी वान'का लागि जसिताले ३ वर्ष समय दिएको बताइन् । उनी भन्छिन्, 'कुनै पनि कलाकारले ३ वर्षसम्म एउटै प्रोजेक्टका लागि समय दिनु सामान्य कुरा होइन । जसिताले 'रुबी' पात्रमा आफूलाई ढाल्न निकै मिहिनेत गरेकी छिन् । उसको काम गर्ने शैलीबाट म प्रभावित भएँ ।' जसितासँग काम गर्न निकै सहज भएको उनको अनुभव छ ।

# रानी र कपिल दुवैको फिल्म 'फ्लप'



एजेन्सी । यही शुक्रबारबाट प्रदर्शनमा आएको अभिनेत्री रानी मुखर्जी अभिनीत फिल्म 'मिसेज चटर्जी भर्सेस नर्वे' र चर्चित कमेडियन कपिल शर्मा स्टारर फिल्म 'ज्विगाटो' दुवै घरेलू बक्सअफिसमा दुई रेक्टरको भूकम्प जस्ता भएका छन्, आएको र गएको पत्तो नहुने । दुवै फिल्मले लगानीको एक तिहाइ पनि नउठाउने देखिन्छ । यी दुई फिल्मलाई भारतीय मिडियाले ' फ्लप'को ट्याग दिइसकेका छन् ।

रानीको फिल्मले प्रदर्शनको पाँच दिनमा ८ करोडमाथिको कलेक्सन गरेको छ भने कपिलको 'ज्विगाटो'ले बक्सअफिसमा ३ करोड जोडेको छ । प्रदर्शनको पहिलो दिनदेखि नै दुवैको कलेक्सन कमजोर थियो । 'ज्विगाटो' १० करोडको लागतमा निर्माण भएको हो भने 'मिसेज चटर्जी भर्सेस नर्वे'को बजेट २५ करोड हो । कमाईमा कमजोर निस्किए पनि दुवै फिल्मले सुखद् समीक्षा पाएका छन् ।

आशिमा छिब्बरद्वारा निर्देशित 'मिसेज चटर्जी भर्सेस नर्वे' एक आमाको कहानीमा आधारित छ, जो आफ्ना दुई सन्तान र श्रीमानसँग नर्वेमा बस्छिन् । तर, एक दिन यस्तो घटना हुन्छ, जसले सबथोक बदलिदिन्छ । मिसेस चटर्जी (रानी मुखर्जी) खराब आमा रहेको भन्दै सन्तानलाई उनीबाट खोसिन्छ । यसपछि आफ्नो सन्तान पाउन उनको लडाईं कसरी सुरु हुन्छ भन्ने फिल्ममा देखाइएको छ ।

त्यस्तै, कमेडी भूमिकामा रुचाइएका कपिल 'ज्विगाटो'मा गम्भीर भूमिकामा प्रस्तुत छन् । तर, दर्शकले उनलाई गम्भीर भूमिकामा नरुचाएको फिल्मको कलेक्सनले देखाउँछ । यद्यपि, यो फिल्म टोरेन्टो इन्टरनेशनल फिल्म फेस्टिभल, बुसान इन्टरनेशनल फिल्म फेस्टिभल र इन्टरनेशनल फिल्म फेस्टिभल अफ केरलमा प्रदर्शन भैसकेको छ । फिल्मलाई नन्दिता दासले निर्देशन गरेकी हुन् ।

# 'प्रसाद २' को 'मार्सी धान' गीतमा सरोज र आश्मासँगै केकी र विपिनको छमछमी



काठमाण्डु । आगामी चैत २४ गतेबाट प्रदर्शनमा आउन लागेको सुदर्शन थापा निर्देशित फिल्म 'प्रसाद २'को पहिलो गीत सार्वजनिक गरिएको छ ।

मंगलबार युट्यूबमा सार्वजनिक गरिएको 'मार्सी धान' बोलको लोक शैलीको गीतमा राजनराज सिवाकोटी र मिलन नेवारको स्वर रहेको छ भने राजनराजकै शब्द तथा संगीत छ । विवाहको परिवेशमा तयार पारिएको गीतको अडियो र भिडियो पक्ष बलियो छ । विक्रम स्वारको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका कलाकारद्वय विपिन कार्की र केकी अधिकारीको साथमा म्यूजिक भिडियोको हिट जोडी आश्मा विश्वकर्मा र सरोज अधिकारी नृत्य गर्दै देखिएका छन् ।

आश्मा र सरोजको नृत्य दमदार छ । विपिन र केकी फिल्मकै चरित्रमा प्रस्तुत छन् । यो गीतले फिल्ममा कथावाचनको रुपमा भूमिका खेलेको निर्देशक थापाले जानकारी दिए । रंग पत्रकार सुशील पौडेलको कथामा तयार भएको फिल्मलाई राजेश श्रेष्ठले खिचेका हुन् । मिलन श्रेष्ठको सम्पादन रहेको फिल्ममा अर्पण थापा, महेश त्रिपाठी, कमलमणि नेपाल, प्रकाश घिमिरे, विशाल पहाडी लगायतको पनि विशेष भूमिका छ । सुभाष थापा प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता सुदर्शन बस्नेत हुन् । एजी फिल्मसँग सुलभ थापा प्रोडक्शनले सहकार्य गर्दै फिल्म बनेको हो ।

# मुकुन र मेनुकाको 'गणपति' जेठ ५ मा

काठमाण्डु । सविन अधिकारीको निर्देशनमा तयार भएको फिल्म 'गणपति'को आगामी वर्षको जेठ ५ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै मंगलवार पोस्टर सार्वजनिक गरिएको छ । भगवान् गणेशको अनुहार झल्किने मुकुण्डो लगाएको पुरुष पात्रलाई ध्यान गरिरहेको अवस्थामा चित्रण गरिएको पोस्टरको पृष्ठभूमिमा फिल्मका प्रमुख कलाकारद्वय मुकुन भुषाल र मेनुका प्रधान निकै गम्भीर मुद्रामा प्रस्तुत छन् ।

आस्थाको रुपमा रहेका भगवान् र भौतिक रुपमै पृथ्वीमा उपस्थित मानिसबीचको फरक देखाउने फिल्ममा जयनन्द लामा, कविता न्यौपाने, सूर्यमाला खनाल, प्रकाश घिमिरे, राजाराम पौडेल, पुष्कर गुरुङ, अंशु मानन्धर, कालु राना, टीका भक्त जिरेल, देवेन्द्र बब्लु, शुशील पोखरेललगायतको पनि अभिनय छ । अधिकारी स्वयंको लेखन रहेको 'गणपति'मा भुषाल टाइटल क्यारेटरमा छन् ।

निर्देशक अधिकारीले फिल्मले नेपाली समाजको वास्तविक रुपमा चरित्र चित्रण गर्ने बताए । उनले भने, 'कोही व्यक्ति कुनै बेला त्यही समाजको भगवान् बन्छ भने सोही व्यक्तिलाई हाम्रै समाजले नरकीय व्यवहार गर्छ । त्यसकै वरपर 'गणपति'को कथा घुमेको छ ।' 'गणपति' नाम धार्मिक सुनिए पनि फिल्ममा कुनै पनि धर्मको विरोध वा प्रचार नगरिएको निर्देशक अधिकारीको जिकिर छ ।

फिल्मको सम्पूर्ण छायांकन तनहुँको बन्दीपुर गाउँपालिका थारुवासमा भएको हो । एबिगम्यान फिल्मसको ब्यानरमा लक्ष्मण थापाले निर्माण गरेको फिल्ममा हरिबहादुर घलेको छायांकन छ ।

# 'नाईं नभन्नू ल ६' मा अनुभवको जोडी योगिशा



काठमाण्डु । एउटा विश्वासिलो ब्रान्ड बनिसकेको नाम हो, 'नाईं नभन्नू ल' । यसका श्रृंखलामा को कलाकार छन् भन्ने कुराले त्यत्ति महत्त्व राख्दैन । किनकि, यो नाम आफैंमा फिल्म चलाउनका लागि काफी छ । यसैले त पाँचवटा श्रृंखलाले घरेलू बक्सअफिसमा उल्लेख्य कमाई गरे । दर्शक रुवाउने सिरिजको रुपमा चिनिएको यो फिल्मको छैटौं श्रृंखला आगामी बैशाख १ गते (नयाँ वर्ष)देखि प्रदर्शन हुँदैछ ।

फिल्मको एउटा गीत र टिजर सार्वजनिक भइसकेको अवस्थामा यतिबेला काठमाडौंस्थित पशुपति क्षेत्रमा केही भागको छायांकन भैरहेको छ । छायांकन स्थलबाट फिल्मीखबरलाई उपलब्ध केही तस्विर हरुमा 'नाईं नभन्नू ल' सिरिजका चर्चित कलाकार अनुभव रेग्मी र 'प्रेमगीत ३' फेम्ड बाल कलाकार योगिशा खत्रीलाई देख्न सकिन्छ । यसको मतलब फिल्ममा उनीहरु जोडीको रुपमा छन् ।

'नाईं नभन्नू ल'को दोस्रो श्रृंखलादेखि अनुभव टुटेका छैनन् । यो फिल्म दर्शकमाझ लोकप्रिय बन्नुमा उनी पनि एक मुख्य कारण हुन् । फिल्ममा उनलाई हेर्नकै लागि पनि हल जाने दर्शकको ठूलो वर्ग छ । तर, अहिले उनी न बाल कलाकार न हिरो बन्न उमेर पुग्छ । यसैले 'नाईं नभन्नू ल ६'मा उनी अतिथि भूमिकामा सीमित भएका छन् । उनको ठाउँ निखिल उप्रेतीका छोरा अथर्वले लिएका छन् ।

विकासराज आचार्यद्वारा निर्देशित फिल्ममा आँचल शर्मा, आशिर्वाद क्षेत्री, प्रियंका कार्की, सरोज खनाल, केकी अधिकारीको पनि अभिनय छ । दुई हप्ता अगाडि सार्वजनिक टिजरमा एक्सनलाई प्राथमिकता दिइएको थियो । अब निर्देशक आचार्यले फिल्मलाई विषयवस्तुको हिसाबले अलग बनाउन खोजेको देखिन्छ । 'नाईंनभन्नू ल' सिरिजमै पहिलो पटक दर्शकले एक्सन हेर्न पाउनेछन् ।

# निर्देशक भण्डारीले यात्रामा भेटेको पात्रबाट प्रभावित 'प्रेमा'

काठमाण्डु । केही नेपाली तथा साउथ फिल्ममा सह-निर्देशक भएर काम गरेका गोविन्द सिंह भण्डारीको डेब्यू निर्देशकीय फिल्म 'रणवीर' थियो । यो फिल्म सफल नभए पनि उनको निर्देशकीय कौहलताको प्रशंसा भएको थियो । फिल्मलाई उनले साउथ शैलीमा तयार पारेका थिए भने एक्सनमा नयाँ प्रयोग गरेका थिए । यसैले उनलाई एक्सन फिल्ममा सम्भावना बोकेको निर्देशकको रुपमा हेरिएको थियो ।

तर, उनले दोस्रो फिल्म 'प्रेमा' लभस्टोरी बनाएका छन् । आखिर किन त ? उनी भन्छन्, 'लेखनका हिसाबले 'प्रेमा' पहिलो हो । मैले ' प्रेमा' र 'रणवीर'को स्क्रिप्ट सँगै लेखेको थिएँ । पहिला 'प्रेमा' नै निर्देशन गर्न चाहन्थें, तर समय र परिस्थितिले गर्दा 'रणवीर' बन्यो ।' एक्सनभन्दा रोमान्टिक फिल्म बनाउन आफ्नो लागि गाह्रो रहेकाले अबको तीन/चार वर्ष लभस्टोरी फिल्म नै नगर्ने उनी बताउँछन् ।

आगामी चैत १७ बाट प्रदर्शनमा आउन लागेको फिल्ममा शुभेक्षा खड्का, सृष्टि श्रेष्ठ र अरुण क्षेत्रीको प्रमुख भूमिकामा अभिनय छ । तेलुगू, तमिल र हिन्दी डब भर्सन ओटीटीमा रिलिज हुन लागेको फिल्म वास्तविक व्यक्तिबाट प्रभावित भएर लेखिएको निर्देशक भण्डारी खुलाउँछन् । यात्राको क्रममा भेट भएकी एक युवतीको वास्तविक घटनाबाट प्रभावित भएर ' प्रेमा' लेखेको उनले बताए ।

'फिल्मको वास्तविक चरित्र जुन युवतीमा पाएँ, त्यसलाई समातेर अगाडि बढ्न सक्छु भन्ने लाग्यो । किनकि, ऊ साधारण भएर पनि उसमा अरुलाई आफूतिर आकर्षण गर्ने क्षमता छ,' गोविन्द भन्छन्, 'त्यो चरित्रलाई लिएर कथा भन्न मन थियो । मान्छेको जीवनमा केही घटना यस्ता हुन्छन्, जुन कहिल्यै पनि बिर्सन सकिँदैन । 'प्रेमा'को कथा पनि मैले त्यस्तै घटनाबाट प्रभावित भएर लेखेको हुँ ।'

स्क्रिप्ट लेखिरहँदा लेखकको दिमागमा पात्रको चित्र नै कोरिन्छ । तर, 'प्रेमा'को कथा लेख्दा गोविन्दको दिमागमा पात्रको कपालदेखि शरीरको बनावटसम्म बनिसकेको थियो । 'रणवीर'मा काम गरिसकेकाले शीर्ष चरित्रमा शुभेक्षाले निर्वाह गर्न सक्छिन् भन्ने कुरामा उनी ढुक्क थिए । शुभेक्षाले पनि स्क्रिप्ट पढेपछि काम गर्न राजी भइन् । फिल्ममा उनी सुदूरपश्चिमकी युवतीको भूमिकामा छिन् ।

# उपराष्ट्रपति यादवद्वारा आभार प्रकट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसादयादवलेउपराष्ट्रपतिको निर्वाचनमा आफूलाई मतदान गर्ने सम्पूर्ण मतदातामा आभार प्रकट गर्नुभएको छ।

शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै उहाँले निर्वाचनमा आफ्नो पक्षमा मतदान गर्ने गठबन्धन आबद्ध राजनीतिक दलका नेता, सङ्घीय संसद्का सदस्य र प्रदेशसभाका सदस्यप्रति आभार व्यक्त गर्नुभएको हो । उहाँले आफूलाई बाराबाट प्रतिनिधिसभा सदस्य विजयी गराउने मतदाता र सहयोगी मित्रमा धन्यवाद ज्ञापन गर्नुभएको छ।



उपराष्ट्रपति यादवले राजनीतिक परिवर्तनका शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । "सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, नागरिक स्वतन्त्रता र मौलिक अधिकारका साथै अग्रगामी परिवर्तनको लक्ष्यप्राप्तिका लागि तथा शोषण, उत्पीडन, विभेद र असमानताका विरुद्ध भएको जनआन्दोलन, जनसङ्घर्ष, सशस्त्र सङ्घर्ष, ऐतिहासिक मधेस जनविद्रोहलगायतका जनआन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्दछु", उहाँद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यही चैत ३ गते सम्पन्न निर्वाचनमा यादव उपराष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो । रासस

# परीक्षाको तनाव नदिइ हाँस्दै सिक्ने शैक्षिक वातावरण बनाइनुपर्छ : महामन्त्री थापा

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले विद्यालय तहका बालबालिकालाई परीक्षाको परिणामको तानव नदिइ नाच्न, गाउन, हाँस्न र बाँच्न सिकाउनुपर्नेमा जोड दिनुभएको छ।



काठमाडौँ महानगरपालिका वडा नं ३० स्थित ज्ञानेश्वरमा रहेको साई शिक्षा निकेतन हाई स्कूलको अभिभावक दिवस र बृहत् सांस्कृतिक कार्यक्रमलाई शुक्रबार यहाँ सम्बोधन गर्नुहुँदै उहाँले परीक्षामा पहिलो हुने तनाव बालबालिकालाई दिनु नहुने बताउनुभएको हो। कतिपय युरोपियन देशमा साना बालबालिकाको परीक्षा नै नलिने शिक्षा प्रणाली रहेको उल्लेख गर्नुहुँदै काठमाडौँ क्षेत्र नं ४ बाट निर्वाचित सङ्घीय सांसदसमेत रहनुभएका नेता थापाले शिक्षक र अभिभावक मिलेर त्यस्तै शैक्षिक वातावरण निर्माण गर्नुपर्ने बताउनुभयो।

"पटकपटक प्रधानमन्त्री भएकालाई अर्कोपटक प्रधानमन्त्री बनिन्छ कि बनिन्न भन्ने डर, चुनाव जितेकालाई अर्कोपटक चुनाव जितिन्छ कि जितिन्नँ भन्ने जस्तो डर बालबालिकालाई परीक्षाका बेला गराइनुहुन्नँ, हाँस्दै, खेल्दै, रमाउँदै सिक्ने शैक्षिक वातावरण निर्माण गर्न सबै लाग्नुपर्छ", उहाँले भन्नुभयो।

पूर्वमन्त्री एवं कांग्रेस नेता भीमसेनदास प्रधानले आफू विद्यालय तहमा अध्ययन गर्दा संस्कृत भाषामा नैतिकता सम्बन्धी पढाई हुने गरेकामा त्यसलाई पुनर्स्थापित गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । पछिल्लो समय अङ्ग्रेजी भाषाको मात्र बोलवाला रहेकाले संस्कृत भाषामा भएका ज्ञानगुनका कुरा भुल्न नहुने उहाँको भनाई थियो। छोरा जत्तिकै छोरीलाई पनि अभिभावकले शैक्षिक वातावरण बनाइदिनुपर्ने नेता प्रधानको भनाइ थियो।

विसं २०५६ मा स्थापना भएको विद्यालयमा हाल कक्षा १० सम्म अध्यापन गराइन्छ। हाल विद्यालयमा दुई सय २५ छात्रछात्रा अध्ययनरत रहेको संस्थापक डा सत्यनारायण चौधरीले जानकारी दिनुभयो। रासस

# जनगणनाबाट सुशासनको अभिवृद्धि तथा दिगो विकास लक्ष्यको प्रगति मापनमा सहयोग पुग्छ : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय जनगणनाबाट उपलब्ध तथ्याङ्कले सुशासनको अभिवृद्धि तथा दिगो विकास लक्ष्यको प्रगति मापनमा सहयोग पुग्ने बताउनुभएको छ । राष्ट्रिय जनगणना-२०७८ को राष्ट्रिय प्रतिवेदन शुक्रबार सार्वजनिक गर्दै उहाँले जनगणनाबाट जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले गरेका प्रतिबद्धता, राष्ट्रिय विकास लक्ष्यको अनुगमन तथा मूल्याङ्कन र विद्यमान सूचकको विश्लेषणमा सघाउ पुग्ने बताउनुभयो।




"सङ्घीय व्यवस्थाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहलाई नीति, योजना तथा कार्यक्रम तयार गर्दा तथ्यमा आधारित निर्णय गर्न थप आधारसमेत प्राप्त हुनेछ", उहाँले भन्नुभयो, "जनगणनाको तथ्याङ्कबाट पन्ध्रौँ योजनाको समीक्षा तथा सोह्रौँ योजना तर्जुमाको अवधारणा पत्र तयार गर्न आवश्यक आधारभूत तथ्याङ्कको आधार पनि प्राप्त हुनेछ।"

प्रधानमन्त्री दाहालले नेपालका सन्दर्भमा जनगणना देशकै आर्थिक-सामाजिकस्वरुपको यथार्थ स्थिति प्रस्तुत गर्ने एक महत्वपूर्ण तथा बृहत् तथ्याङ्कीय कार्य भएको र यसले जनसाङ्ख्यिक, शैक्षिक, आर्थिक, मानवीय तथा विविध क्षेत्रका तथ्याङ्क यकीन गर्नुका साथै आगामी १० वर्षसम्मका लागि तथ्याङ्कका आधारसमेत सिर्जना गरेको बताउनुभयो।

"यसबाट प्राप्त तथ्याङ्कले नेपालको संविधानमा रहेका समाजवादोन्मुख समावेशी विकास र मौलिक हकअधिकारको कार्यान्वयन र मूल्याङ्कन गर्न सहज हुनेछ", उहाँले भन्नुभयो।

जनगणनाबाट प्राप्त नतिजा समग्रमा हेर्दा कम उमेरका व्यक्तिको सङ्ख्या क्रमशः घटेको र बढी उमेरका व्यक्तिको सङ्ख्या क्रमशः बढेको देखिएकाले जनसङ्ख्याको वृद्धि सन्तुलित नभएको देखिएको उहाँको भनाइ छ । समग्र जनसङ्ख्याको वार्षिक वृद्धिदर घट्ने क्रममा रहेको देखिएको जनाउँदै उहाँले विशेषगरी हिमाली र पहाडी तथा ग्रामीण क्षेत्रमा जनसङ्ख्या वृद्धिदर द्रुतरूपमा घट्ने क्रममा, तराई तथा सहरी क्षेत्रमा यो दर बढ्ने क्रममा देखिएको पाइएको बताउनुभयो।

"विसं २०६८ को जनगणनाको तुलनामा परिवारमा अनुपस्थित रही विदेशमा बस्ने व्यक्तिको सङ्ख्या बढेको र त्यसमध्ये पनि महिलाको अनुपात बढेको देखिएको छ । हाल प्रस्टरूपमा देखिएको जनसाङ्ख्यिक परिवर्तनबमोजिमका जनसङ्ख्या व्यवस्थापनका विशेष कार्यक्रम सञ्चालन गर्न जनगणनाबाट प्राप्त तथ्याङ्कबाट सहयोग पुग्ने विश्वास लिएको छु", प्रधानमन्त्री दाहालले भन्नुभयो।

उहाँले जनगणनाका धेरैजसो सूचकमा ग्रामीण र सहरी क्षेत्रकाबीच असमानता देखिएको र यसलाई सम्बोधन गरी नेपालमा विद्यमान असन्तुलित बसाइँसराइलाई व्यवस्थित गर्नुपर्ने देखिएको बताउनुभयो । जनसङ्ख्या तथ्याङ्क नेपालको तथ्याङ्क प्रणालीको एक अभिन्न अङ्ग भएको जनाउँदै उहाँले सङ्घ, प्रदेश र स्थानीय तहमा उत्पादन हुने सबै विषयका तथ्याङ्कको गुणस्तर अभिवृद्धि गरी नियमितरूपमा तथ्याङ्कको आपूर्ति हुने व्यवस्था मिलाउन जरुरी रहेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले तथ्याङ्क प्रणालीको सुदृढीकरण तथा एकीकृत तथ्याङ्क पद्धतिको निर्माण गर्ने उद्देश्यले हालसालै जारी भएको तथ्याङ्क ऐन, २०७९ को कार्यान्वयनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभयो।

कोभिड-१९ महामारीले भयावह रुप लिएको अवस्थामा रोकिएको यो जनगणना प्रस्तावित समयभन्दा पाँच महिना ढिलो गरी सम्पन्न हुन सकेको उल्लेख गर्दै उहाँले कोभिडको प्रभाव पूर्णतः समाप्त भई नसकेका अवस्थामा जनगणना सञ्चालन गर्नु एक चुनौतीपूर्ण कार्य रहेको बताउनुभयो। प्रधानमन्त्री दाहालले राष्ट्रिय जनगणना, २०७८ सफलतापूर्वक सम्पन्न गरेकामा राष्ट्रिय तथ्याङ्क कार्यालयलाई धन्यवाद दिनुभयो।

नेपालमा विसं १९६८ बाट जनगणना सुरु भएको थियो । प्रत्येक १०/१० वर्षमा जनगणना हुँदै आएको छ। राष्ट्रिय जनगणनाको बाह्रौँ शृङ्खलाअन्तर्गत गत कात्तिक-मङ्सिर महिनामा जानगणना सम्पन्न भएको थियो।

क्षयरोग अन्त्य गर्न सरकार प्रतिबद्ध : प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले क्षयरोग अन्त्यका लागि सरकारले आवश्यक स्रोत र साधनको व्यवस्थापन गर्ने बताउनुभएको छ।

विश्व क्षयरोग दिवसका अवसरमा शुभकामना सन्देश दिँदै उहाँले क्षयरोग अन्त्य अभियान स्थानीय तहदेखि सुरु भएको भन्दै त्यस अभियानलाई सरकारले आवश्यकपर्ने स्रोत र साधन व्यवस्थापन गर्ने बताउनुभयो।

"नेपाललाई क्षयरोगमुक्त अभियानका लाग आवश्यक नीति, रणनीति तथा योजना बनाई स्थानीय सरकारको नेतृत्व र स्वामित्वमा २५ वटा स्थानीय तहबाट आर्थिक वर्ष २०७८/७९ बाट कार्यान्वयन आइसकेको छ", उहाँको शुभकामना सन्देशमा भनिएको छ, "यस अभियानलाई आगामी वर्ष सय स्थानीय तह र चार वर्षभित्रमा सात सय ५३ वटै स्थानीय तहमा विस्तार गरिनेछ।"

उहाँले क्षयरोग अन्त्यका लागि गरिएको प्रतिबद्धता पनि पूरा गर्ने सरकार कटिबद्ध रहेको बताउनुभएको छ। "क्षयरोग निवारण कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गरी क्षयरोगमुक्त नेपालको निर्माण गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा उच्चस्तरीय संयन्त्रको व्यवस्था गरी आवश्यक स्रोत र साधनको परिचालन तथा बहुक्षेत्रीय साझेदारीको प्रवर्द्धन गरी क्षयरोगविरुद्धको अभियानलाई द्रुतगतिमा अघि बढाइनेछ", उहाँले जारी गर्नुभएको सन्देशमा भनिएको छ।

उहाँले क्षयरोगमुक्त नेपाल बनाउने अभियानमा साथ दिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था, दातृ निकाय र अन्य सरोकारवालाको सहयोग गर्न अपिल गर्नुभएको छ।

शुक्रबार नेपाल नेपालसहित विश्वभरि विश्व क्षयरोग दिवस मनाइँदै छ। नेपालमा पनि 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने मूल नाराका साथ दिवस मनाउन थालिएको छ । नेपालमा हरेक वर्ष नयाँ तथा पुरानो गरी करिब एक लाख १७ हजार क्षयरोगका बिरामी हुने गर्दछन्।

यस्तै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले क्षयरोग स्वास्थ्य समस्या मात्र नभई सामाजिक समस्यासमेत रहेकाले यसको समाधानका लागि विश्वस्वास्थ्य सङ्गठनले सिफारिस गरेको बहुक्षेत्रीय सहकार्यको अवधारणाको मर्मअनुसार नीति तथा रणनीतिको निर्माण र कार्यान्वयन गरिने बताउनुभयो।

उहाँले क्षयरोगको पहिचान, निदान र उपचारका क्षेत्रमा देखिने गरेका सबै प्रकारका चुनौती र समस्याको सामाना गर्न मन्त्रालयले क्षयरोग निवारणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना र रणनीतिको निर्माण गरी कार्यान्वयन गरिरहेको बताउनुभयो।

यस्तै मन्त्रालयका स्वास्थ्य सचिव डा रोशन पोखरेलले क्षयरोगका धेरै बिरामी उपचारको दायरामा ल्याउन नसकेको भन्दै स्थानीय तहकै स्वामित्व र नेतृत्वमा एकद्वार प्रणालीमार्फत क्षयरोगमुक्त अभियान कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो।

उहाँले क्षयरोग कार्यक्रमलाई थप प्रभावकारी बनाई रोग निवारण गर्ने उद्देश्यले गुणस्तरीय क्षयरोग सेवामा वृद्धि गर्न तथा बिरामी र तिनका परिवार एवं समुदायलाई सशक्तीकरण गर्न राष्ट्रिय क्षयरोग कार्यक्रमले जोड दिएको बताउनुभयो। रासस

# एक्लै बहुमत ल्याउन 'मिसन ग्रासरुट' : एमाले अध्यक्ष ओली



झापा । नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आगामी आम निर्वाचनमा एमाले एक्लैले कम्तीमा ५१ प्रतिशत बहुमत सिट जित्ने लक्ष्यका साथ पार्टीले 'मिसन ग्रासरुट' अभियान सञ्चालन गरेको बताउनुभएको छ।

झापामा सञ्चालन भइरहेको 'मिसन ग्रासरुट' अभियानको शुक्रबार आयोजित मध्यावधि समीक्षा भेलामा सम्बोधन गर्दै उहाँले पार्टीका सम्पूर्ण नेता तथा कार्यकर्तालाई अनुशासित, विनम्र र साथी बनेर गाउँमा जान निर्देशन दिनुभयो।

"आगामी चुनावमा एमाले एक्लैले बहुमत हासिल गर्ने उद्देश्य सफल बनाउन यो अभियान सुरु गरिएको हो", उहाँले भन्नुभयो, "तपाईँहरू ग्रासरुट अभियानमा कार्यकर्ताको घरआँगनमा पुग्दा तपाईँहरूको व्यवहार मालिकजस्तो होइन, साथीजस्तो हुनुपर्छ।"

एमालेविरुद्ध केन्द्रमा १० दलीय गठबन्धन बनाए पनि आम जनता एमालेकै पक्षमा रहेको उहाँको दाबी थियो । अभियानले आन्तरिक पार्टी जीवनको अन्तरविरोधहरूको समाधान गर्दै एमालेलाई देशको सबैभन्दा बलियो, जनाधारयुक्त र अनुशासित राजनीतिक शक्तिका रूपमा स्थापित गराउने उहाँले बताउनुभयो।

उहाँले कोशी प्रदेशको नामाकरण कुनै पार्टी र जाति विशेषसँग नजोडिएको हुँदा यसको विरोध गरिरहेकाहरूलाई समेत एमालेका कार्यकर्ताले सम्झाउनुपर्ने बताउनुभयो।

"कोशी कुनै जाति र पार्टीको पेवा होइन, हामी सबैको सभ्यताको साझा उद्गमस्थल हो", उहाँले कोशी प्रदेश नामकरणका लागि प्रदेशका मुख्यमन्त्री र सांसदलाई बधाई दिँदै भन्नुभयो, "कौशिक ऋषिका नामबाट प्रदेश बनाइयो भनेर पनि भ्रम छरिएको सुनिएको छ। तर एउटा व्यक्ति वा ऋषिको नाममा कोशी नदीको नाम रहेको कुरा सत्य होइन । मानिस उत्पन्न हुनुभन्दा पहिले कोशी उत्पन्न भएको थियो। कोशी एउटा महान् सभ्यता हो, प्रदेशमा बसोबास गर्ने सबै जाति, धर्म र समुदायको जीवनदायी साझा पहिचान हो।"

एमाले अध्यक्ष ओलीले कुनै कमी-कमजोरी भए भने आफ्नो पनि आलोचना गर्न कार्यकर्तालाई आह्वान गर्नुभयो । "मेरा पनि कमजोरी छन् आनीबानी र व्यवहारमा कुनै पनि कमजोरी देख्नुहुन्छ भने भन्नुहोस् भनेर आमसभाबाट आह्वान गर्न सक्ने एमाले अध्यक्षमात्रै हो", उहाँले भन्नुभयो, "मलाई नजिकैबाट हेर साथीहरू, कुनै दाग धब्बा देखियो भने औँल्याउँ भन्न चाहन्छु।"

गृहजिल्ला झापाको मिसन ग्रासरुट अभियान गत फागुन १० गते सुरु भएको थियो। जिल्लाका १५ पालिका र एक सय ३१ वटा वडा तहमा अभियान सञ्चालन भइरहेको एमाले झापाका अध्यक्ष दीपक कार्कीले जानकारी दिनुभयो। रासस

# विराटनगरमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण गर्छौँ : मुख्यमन्त्री कार्की

विराटनगर। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सरकारले विराटगर आसपास क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण गर्ने बताउनुभएको छ।

विराटनगरको सहिद रङ्गशालामा बिहीबार साँझदेखि सुरु भएको 'विराट गोल्डकप' फुटबल प्रतियोगिताको उद्घाटन गर्दै उहाँले यस क्षेत्रमा खेलकुदको विकासका लागि प्रदेश सरकारले आगामी वर्षदेखि रङ्गशाला निर्माण सुरु गर्ने जानकारी दिनुभयो।

मुख्यमन्त्री कार्कीले खेलाडीले नेपालको क्रिकेटलाई अन्तर्राष्ट्रियस्तरमा पहिचान कायम गर्न सफल भएको सम्मानस्वरुप विराटनगर नजिक सुविधासम्पन्न अन्तर्राष्ट्रियस्तरको क्रिकेट खेलमैदान निर्माण गर्ने उल्लेख गर्नुभयो। उहाँले आगामी तीन वर्षभित्र निर्माण सम्पन्न हुने गरी प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश गर्ने उद्घोष व्यक्त गर्नुभयो।

राज्यको कम लगानीका बाबजुद फुटबल र क्रिकेट खेलमार्फत प्राप्त सफलताले दक्षिण एसियाका साथै विश्वमा नै नेपाल र नेपालीलाई चिनाएको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले खेलाडी राष्ट्रका सम्पदा भएकाले उनीहरूको संरक्षण गर्नुपर्नमा जोड दिनुभयो। "खेलाडीका कारण हाम्रो शिर ठाडो भएको छ। उनीहरूको संरक्षण गर्नु सबैको दायित्व हो", उहाँले भन्नुभयो।

रात्रिकालीन समयमा सञ्चालन हुने उक्त गोल्डकपमा नेपालका ए डिभिजनका छ क्लब, भारतको एक र भुटानको एक क्लबले नकआउट आधारमा प्रतिस्पर्धा गर्नेछन्।

नेपालका तर्फबाट विभागीय क्लब एपिएफ, त्रिभुवन आर्मी, नेपाल पुलिसका साथै सङ्कटा, जवालाखेल र विराटनगर सिटी फुटबल क्लब छन् भने भारतको लुका सकर क्लब केरला र भुटानको ड्रुक लयुल फुटबल क्लब छन्।

प्रतियोगिताको उपाधि विजेताले रू २० लाख १५ हजार तथा उपविजेताले रू १० लाख २५ हजार पुरस्कार प्राप्त गर्ने छन्। बिहीबार भएको फुटबल प्रतियोगिता विराटनगर सिटी क्लबले महेन्द्र पुलिस क्लबलाई १-० ले पराजित गरेको छ। शुक्रबारको खेल नेपाल आर्मी क्लब र जावलाखेल युथ क्लब ललितपुरबीच हुने आयोजकले जनाएको छ। रासस

# भूपू सैनिकको जीवन सहज तुल्याउन कल्याणकारी कोष : प्रधानसेनापति

खैरेनीटार । प्रधानसेनापति प्रभुराम शर्माले भूपु सैनिकको जीवन सरल, सहज र सुखी तुल्याउन कल्याणकारी सेवामार्फत विभिन्न प्रयास भइरहेको बताउनुभएको छ। नेपाली सेनाको ३ नं बाहिनी खैरेनीटारमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले नेपाली सेना भूपु सैनिक सङ्गठनको प्रतिनिधिपात्र भएकाले सवल, सक्रिय र स्वावलम्बी भएको हेर्न चाहेको धारणा व्यक्त गर्नुभयो।



प्रधानसेनापति शर्माले भन्नुभयो, "हिताधिकारीको चाहाना र आकाङ्क्षा असीमित भए पनि सङ्गठनले सीमित साधनस्रोतलाई अधिकतम परिचालन गरी जीवनस्तर उकास्न विभिन्न प्रयास गरिरहेको छ।"

बलाधिकृत रथी सरोजप्रताप राणाले भूपु सैनिकले समाजमा गरेको योगदान र अनुशासनले सङ्गठनको ओझ बढाएको बताउनुभयो । सैनिक कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत गौरव तन्डुलले नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको सहकार्यमा सञ्चालित सहुलियत कर्जा ३२ हजार ७७३ जनाले रु सात अर्ब १८ करोड ३६ लाख ९९ हजार कर्जा सुविधा लिइ भूपु सैनिक र उनका परिवारले विभिन्न कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुभयो।

नेपाल राष्ट्रिय भूपु सैनिक सङ्घका सभापति दिगम्बर शर्मा राणाले कल्याणकारी कोषबाट सञ्चालित विभिन्न कार्यक्रमबाट भूपु सैनिक र परिवारजनलाई जीवनस्तर उकास्न प्रत्यक्ष र परोक्ष सहयोग पुगिरहेको बताउनुभयो। अवकाश सैनिककोतर्फबाट अवकाश प्राविधिक रथी प्रतिनिधि पूर्वरथी अम्मर पन्तले भूपु सैनिकको आर्थिक सामाजिक जीवनस्तर उठाउने लक्षित कार्यक्रम प्रभावकारी रहेको उल्लेख गर्नुभयो।

गोरखा, लमजुङ र तनहुँका भूपु सैनिकलाई लक्षित गरी आयोजना गरिएको सम्मेलनमा छ हजार चार सय जनाको सहभागिता थियो । सम्मेलनमा भूपु सैनिक र एकल महिलालाई सम्मान अपाङ्ग तथा अशक्तलाई ह्लिचियर वितरण लघु उद्यम व्यवसायीलाई प्रशंसापत्र एवं पुरस्कार प्रदान गरियो । सो अवसरमा चार वा सोभन्दा बढी सन्ततिलाई सेनामा राष्ट्रसेवामा पठाउने मातापितालाई सम्मान गरियो।

सम्मेलनमा जिल्लागत झाँकीका साथै राष्ट्रिय एकता झल्कने सामूहिक नृत्य सैनिक व्याण्ड प्रस्तुत गरियो । सम्मेलनका क्रममा खुकुरी ड्रिल, तेक्वान्दो तथा पिटी सामूहिक प्रदर्शन गरिएको थियो। रासस

# यौन सम्बन्धका साथ सूचना सङ्कलन गर्ने स्पेन प्रहरीको आलोचना

**एएफपी**

बार्सिलोना । स्पेन सरकारले सूचना सङ्कलनका लागि परिचालन गरेका सादा पोशाकका प्रहरीको रणनीतिको व्यापक आलोचना भएको छ । बार्सिलोना प्रहरीले यौनलाई हतियार बनाएकामा त्यसको घोर विरोध भएको छ । हालैका दिनमा सादा पोशाकका प्रहरीले विपक्षी राजनीतिक दल र समूहहरूमा घुसपैठ गर्ने, उनीहरूको विश्वास जित्न र सूचना सङ्कलन गर्न कार्यकर्तासँग यौन सम्बन्ध राखेको आरोपमा सरकारको व्यापक आलोचना भएको हो ।



क्याटलान मिडिया ला डिरेक्टाले गत जनवरीमा ड्यानियल हर्नान्डेज नामका एक प्रहरी अधिकारीले सन् २०२० देखि बार्सिलोना स्क्वाट र फार लेफ्ट आन्दोलन समूहका विभिन्न सदस्यसँग यौन सम्बन्ध कायम गरेर सूचना फुत्काएको समाचार सार्वजनिक गरेको थियो । एउटा मुद्दाका निम्ति सूचना सङ्कलन गर्ने क्रममा निजले करिब एक वर्षसम्म त्यस्तो सम्बन्धलाई निरन्तरता दिएको खबर उक्त पत्रिकाले छापेको थियो ।

हालै ती प्रहरी अधिकारीविरुद्ध छ जना महिलाले उजुरी गरेका छन् । भ्रूटको सहारा लिएर ती प्रहरीले उनीहरूलाई यौन सम्बन्धका निम्ति सहमति दिन बाध्य पारेको बताएका छन् । महिला कानुन व्यावसायी मिरिया सालाजारले प्रहरीका त्यस्ता घृणित अभ्यासको कानुनी आधार र औचित्य नभएको बताएकी छन् ।

सूचना सङ्कलनका निम्ति पुरुष प्रहरी अधिकृतमात्र होइन महिला प्रहरी पनि संलग्न भएपछि गलत अभ्यासलाई सरकारले प्रश्रय दिएको उजागर भएको छ । गत साता जलवायु परिवर्तनका कुप्रभाव कम गर्नेतर्फ सम्बद्ध पक्ष लाग्नुपर्ने आवाज उठाउँदै आएको एक्स्टिङ्सन रिबेलियन समूहका एक सदस्यसँग एक जना महिला प्रहरीलेघ घुसपैठ गरी सम्बन्ध कायम गरेको समाचार बाहिर आएपछि स्पेन सरकारको आलोचना तीव्र भएको छ । यो घटनाबाट स्पेनका सर्वसाधारण आक्रोशित भएका छन् ।

यसअघि स्पेन सरकारले इजरायली 'स्पाइवेयर' पेगासस प्रयोग गरेर १८ जना क्याटालान पृथकतावादी नेताको मोबाइल फोनमार्फत जासुसी गरेको स्वीकार गरेको थियो ।

क्याटलान नेताहरूले प्रधानमन्त्री पेड्रो सान्चेजलाई अनैतिक भन्दै राजनीतिक स्वतन्त्रता र वैचारिक स्वतन्त्रताजत्तिकै यौनस्वतन्त्रतको रक्षा हुनुपर्ने माग गरेका छन् ।

# पानामामाथि अर्जेन्टिनाको जित, मेसीले गरे करिअरको ८००औं गोल

**एजेन्सी**

काठमाण्डु । अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा पानामामाथि अर्जेन्टिनाले जित हात पारेको छ। बिहीबार राति भएको खेलमा अर्जेन्टिनाले २-० गोलको जित हात पारेको छ।

अर्जेन्टिनाका लागि ७८ मिनेटमा अल्माडाले पहिलो गोल गरे। खेल सकिन एक मिनेट बाँकी छदा मेसीले अर्जेन्टिनाको अग्रता दोब्बर पारे। पहिलो हाफमा मेसीको गोल गर्ने प्रयास पोस्टमा लागेको थियो।

अर्जेन्टाइन कप्तान मेसीले दोस्रो हाफमा गरेको प्रहार फेरि पोलमा लागेको थियो। तर खेल सकिन एक मिनेट बाँकी छदा मेसीले गोल गर्दा करिअरको ८००औं गोल गर्न सफल भए।

मेसीले क्लब र देशका लागि गरी करिअरमा ८ सय गोलको कोशेढुंगा पार गरेका हुन्।

# एपिएफको लगातार दोस्रो जित कोसीले ललितपुरलाई हरायो



**टुडे समाचारदाता**

काठमाण्डु । ललितपुर मेयर महिला च्याम्पियनसिपमा एपिएफले लगातार दोस्रो खेलमा जित हात पारेको छ। शुक्राबार भएको खेलमा एपिएफले सुदूरपश्चिमलाई १५ रनले पराजित गर्‍यो।

यसअघि बिहीबार एपिएफले मधेसलाई १० विकेटको फराकिलो अन्तरले पराजित गरेको थियो। शुक्रबार कीर्तिपुर मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको एपिएफले २ विकेटको क्षतिमा १२१ रन जोड्यो।

एपिएफका लागि ज्योती पाण्डेले १३ रन जोड्दा कप्तान सीता रानामगरले नटआउट ५२ रन जोडिन्। उनले ५९ बलमा ७ चौका प्रहार गरिन्। इन्दू बर्माले ४५ रनको योगदान गरिन्। १२२ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले २० ओभरमा ६ विकेटको क्षतिमा १०६ रन मात्र जोड्न सक्यो।

उसका लागि कविता कुँवरले ५१ रन जोडिन्। कविता जोशीले नटआउट २६ रन जोडे पनि जितका लागि पर्याप्त हुन सकेन। बलिङमा एपिएफकी सुमन विष्टले २ विकेट लिइन्। यता अर्को खेलमा ललितपुर मेर्यस-११ माथि कोसीले ७ विकेटको जित निकाल्यो। पहिले ब्याटिङ गरेको ललितपुर १६.५ ओभरमा ६५ रनमा अलआउट भयो। उसका लागि लक्ष्मी चौधरीले २३ रन जोड्दा अरु ब्याटर दोहोरो अंकमा रन जोड्न नपाइ आउट भए।

बलिङमा कोसीका निशा साहले ३ विकेट लिइन् भने अप्सरी बेगमले २ विकेट र सबनम राईले १ विकेट लिए।

६६ रनको लक्ष्य कोसीले १२ ओभरमा ३ विकेटको क्षतिमा पार गर्‍यो। कोसीकी ओपनर काजल श्रेष्ठले ० रन तथा कप्तान रुबिना क्षेत्री १३ रनमा आउट भए। अप्सरी बेगमले नटआउट २९ रनको योगदान गरिन्।

# १० खेलाडीमा सीमित इंग्ल्यान्डले इटालीलाई हरायो, केनको कीर्तिमान

**एजेन्सी**

काठमाण्डु । ह्यारी केनले कीर्तिमान बनाएको खेलमा इंग्ल्यान्डले सन् १९६१ पछि इटालीलाई उसैको मैदानमा पराजित गरेको छ। युरो २०२४ को छनोटअन्तर्गत समूह 'सी' को खेलमा इंग्ल्यान्डले इटालीमाथि २-१ गोलको जित निकाल्यो।

इंग्ल्यान्डका लागि राइसले खेलको १३ मिनेटमा पहिलो गोल गरे। ४४ मिनेटमा ह्यारी केनले पेनाल्टीमार्फत गोल गर्दै इंग्ल्यान्डको अग्रता दोब्बर पारे। गोलसँगै केन इंग्ल्यान्डका लागि सर्वाधिक अन्तर्राष्ट्रिय गोलकर्ता बने। उनले आफ्नो अन्तर्राष्ट्रिय गोल संख्या ५४ पुर्‍याएका छन्।

यसअघि उनले वाइन रुनीको नाममा रहेको ५३ गोलको कीर्तिमान बराबरी गरेका थिए।

इटालीका लागि ५६ मिनेटमा रेटेग्युले गोल फर्काएका थिए। १० मिनेट बाँकी रहँदा लुक शले दोस्रो पहेँलो कार्ड पाउँदै मैदान छाड्दा इंग्ल्यान्ड १० खेलाडीमा सीमित बनेको थियो।

# ट्रम्प पक्राउ परेका र पुटिनलाई जेल हालिएका भ्रूटा तस्बिर सामाजिक सञ्जालमा छापछापति

**एपी**

न्युयोर्क । अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई पक्राउ गरिएका तथा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई कारागारमा हालिएका भ्रूटा तस्बिरले सामाजिक सञ्जाल भरिएका छन् ।



केही दिनदेखि सञ्जालमा छापछापति भएका ती तस्बिर उपकरण अर्थात् 'आर्टिफिसियल इन्टेलिजेन्स' औजार प्रयोग गरेर बनाइएका हुन् । पूर्वराष्ट्रपति ट्रम्प स्वयम्ले यो साताको प्रारम्भमा आफू पक्राउ पर्नसक्ने बताएपछि उहाँलाई सुरक्षाकर्मीले घेरेर नियन्त्रणमा लिएका तस्बिरले सामाजिक सञ्जाल भरिएका हुन् ।

नेदरल्याण्डस्को हेगस्थित अन्तरराष्ट्रिय फौजदारी अदालतले युक्रेन युद्धमा मानवताविरुद्ध अपराधमा दोषी ठहर गर्दै राष्ट्रपति पुटिनलाई पक्राउ गर्न पूर्जी जारी गरेपछि उहाँलाई कारागारमा हालिएका अवास्तविक तस्बिर र भिडियो सामाजिक सञ्जालमा 'अपलोड' गरिएका हुन् ।


नक्कली तस्बिर, भिडियो र गलत सूचना प्रवाहले समाजमा नकारात्मक प्रवृत्तिलाई प्रश्रय दिने गलत सूचनासम्बन्धी जानकारहरूले बताएका छन् । काल्पनिक विषयले तथ्यलाई दबाउनु असामाजिक कार्य भएको उनीहरूले टिप्पणी गरेका छन् ।

मिथ्या समाचार र तस्बिरले सङ्कटका बेला थप आपत निम्त्याउने तथा निन्दनीयताको स्तर बढाउने सियाटलस्थित वासिङ्टन विश्वविद्यालयका प्राध्यापक जेभिन वेस्ट बताउनुहुन्छ । मिथ्या तस्बिर र समाचारले दर्शक तथा पाठकको ध्यान ती सामग्रीमा नै केन्द्रित गर्ने र त्यसले वास्तविकता छोपिने उहाँको तर्क छ । उहाँका अनुसार यस्ता गतिविधिले प्रणालीप्रतिको विश्वास गुम्नेछ । उपकरण प्रयोग गरेर बनाइएका तस्बिर यथार्थवादी भए पनि दर्शकले आफ्नो विवेक गुमाउन नहुने उहाँ बताउनुहुन्छ ।

# अन्तर्राष्ट्रिय फुटबलमा रोनाल्डोको अर्को कीर्तिमान

**एजेन्सी**

काठमाण्डु । क्रिस्टियानो रोनाल्डोले कीर्तिमान बनाएको खेलमा पोर्चुगलले युरो २०२४ को छनोट खेलमा लिचेस्टाइनलाई ४-० गोलले पराजित गरेको छ।



समूह 'जे' को खेलमा पोर्चुगल ४-० गोलले विजयी भएको हो। पोर्चुगलका लागि कान्सेलोले ८ र बेर्नान्डो सिल्भाले ४७ मिनेटमा गोल गर्दा रोनाल्डोले ५१ मिनेटमा पेनाल्टी र ६३ मिनेटमा गरी दुई गोल गरे।

रोनाल्डोले बिहीबार खेलेसँगै विश्व कीर्तिमानी १९७ अन्तर र्राष्ट्रिय खेल खेले। ३८ वर्षिय रोनाल्डोले कीर्तिमानी १२० अन्तर्राष्ट्रिय गोल गरिसकेका छन्। उनले सन् २००३ मा अन्तर्राष्ट्रिय डेब्यू गरे र विश्वकप २०२२ कतारमा पाँच विश्वकपमा गोल गर्ने पहिलो खेलाडी बने।

रोनाल्डोले कतार विश्वकपका दौरान १९६ खेल खेलेका कुवेतका फरवार्ड बदेर अल-मुतावाको कीर्तिमानी बराबरी गरेका थिए। तर क्वार्टरफाइनलमा मोरक्कोसँग पोर्चुगल पराजित भएपछि रोनाल्डोको विश्वकप जित्ने सपना समाप्त भएको थियो। त्यसयता उनले पहिलोपटक अन्तर्राष्ट्रिय खेल खेलेका हुन्।

**रोनाल्डोका रेकर्ड**

- सर्वाधिक च्याम्पियन्स लिग गोल (१४०)
- धेरै च्याम्पियन्स लिग खेल्ने (१८३)
- सर्वाधिक च्याम्पियन्स लिग जित्ने (५)
- तीन च्याम्पियन्स लिग फाइनलमा गोल गर्ने एक मात्र खेलाडी
- युरोपेली च्याम्पियनसिपको धेरै फाइनल खेल्ने (५)
- युरोपियन च्याम्पियनसिपको फाइनलमा सर्वाधिक गोल (१४)
- युरो र विश्वकपको समग्रमा सर्वाधिक गोल (२२)
- विश्व फुटबलमा सबैभन्दा बढी अन्तर्राष्ट्रिय गोल (१२०)
- पुरुष अन्तर्राष्ट्रिय फुटबलमा १० ह्याट्रिक गर्ने पहिलो खेलाडी ।

# विराट गोल्डकपमा विराटनगर सिटी सेमिफाइनलमा

विराटनगर । सातौँ संस्करणको विराट गोल्डकपमा आयोजक विराटनगर सिटी सेमिफाइनलमा प्रवेश गरेको छ ।

सहिद रङ्गशालामा भएको खेलमा साविक विजेता नेपाल पुलिस क्लबलाई १-० गोलले हराउँदै विराटनगरले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो । निर्धारित समयसम्म दुवै टोलीले गोलरहित खेल खेलेका थिए ।

अतिरिक्त समयमा विराटनगरका आशिष श्रेष्ठले निणार्यक गोल गरेका थिए । दिवाकर चौधरीले दिएको पासको सदुपयोग गर्दै उनले गोल गरेका थिए । श्रेष्ठ सागर थापाको ठाउँमा मैदानमा प्रवेश गरेका थिए ।

पहिलो हाफसम्म पुलिसले विराटनगरलाई दबाबमा राखेको थियो । प्रहरीले केही उत्कृष्ट अवसर पाए पनि गोल गर्न भने सकेको थिएन । पुलिस क्लबले २०७४ सालमा विराट गोल्डकपको उपाधि हात पारेको थियो । खेलको म्यान अफ द म्याच विराटनगरका उत्सव राई घोषित भए । उनले रु २५ हजार पुरस्कार हात पारे ।

यही चैत १६ गतेसम्म सञ्चालन हुने गोल्डकपमा नेपाल, भारत र भुटानका गरी आठ टोली सहभागी छन् । विजेताले रु २० लाख १५ हजार तथा उपविजेताले रु १० लाख २५ हजार पुरस्कार प्राप्त गर्ने विराटनगर महानगरपालिकाका प्रमुख तथा गोल्डकपका संयोजक नागेश कोइरालाले जानकारी दिए । तत्कालीन राजा महेन्द्र शाहको नामबाट २०१८ सालमा महेन्द्र गोल्डकप सुरू भएको हो । विसं २०५७ देखि सो प्रतियोगिता विराट गोल्डकपका रूपमा सञ्चालन हुँदै आएको छ । आज नेपाल आर्मी फुबटवल क्लब र जावलाखेल युथ क्लबबीच खेल हुने विराट गोल्डकपका सह-संयोजक सुवाशिष कोइरालाले जानकारी दिए । रासस

# ड्रोन आक्रमणमा अमेरिकी ठेकेदार मारिए

**एएफपी**

वासिङ्टन । उत्तरपूर्वी सिरियास्थित अमेरिकी आधार शिविरमा बिहीबार भएको ड्रोन आक्रमणमा एक जना अमेरिकी ठेकेदारसहित पाँच जना अमेरिकी सेनाका सदस्य घाइते भएका छन् । आक्रमणमा अर्का एक जना ठेकेदार पनि घाइते भएका अमेरिकी रक्षा मन्त्रालयले बिहीबार राति बताएको छ ।

इस्लामिक स्टेटका चरमपन्थीविरुद्धको कारबाहीका निम्ति गठबन्धन सेनासँग सहकार्य गरिरहेको अमेरिकी सेनाका सदस्यलाई आवश्यक राशनपानीलगायत अन्य सरसामान आपूर्ति गर्ने ठेकेदार आक्रमणमा मारिएको उक्त मन्त्रालयले एक विज्ञप्ति निकालेर बताएको हो । अमेरिकी गुप्तचर अधिकारीले उक्त आक्रमण इरानमा निर्मित ड्रोनबाट भएको बताएका छन् ।

यसैबीच सिरियाको हस्काह समीप अवस्थित गठबन्धन सेनाको शिविरमा भएको आक्रमणमको प्रतिकारमा अमेरिकी सेनाले हवाई आक्रमण गरेको छ । रक्षामन्त्री लोयड अस्टिनले राष्ट्रपति जो बाइडेनको निर्देशनमा इरानको इस्लामिक रिभोलुस्नरी गार्डस् कर्प्ससँग सम्बद्ध समूहले प्रयोग गर्दै आएको स्थानमा हवाई हमला गरिएको बताउनुभएको छ ।

# अमेरिकी हवाई हमलामा आठ जनाको मृत्यु



**एएफपी**

बेरुत । उत्तरपूर्वी सिरियाको हस्काह समीप अवस्थित गठबन्धन सेनाको शिविरमा बिहीबार भएको ड्रोन आक्रमणको प्रतिकारमा अमेरिकी सेनाले गरेको हवाई हमलामा इरान समर्थक आठ जना लडाकु मारिएका छन् ।

गठबन्धन सेनाको शिविरमा भएको ड्रोन आक्रमणमा परी एक जना अमेरिकी ठेकेदार मारिएका थिए भने अमेरिकी सेनाका पाँच जना सदस्य घाइते भएका थिए । उक्त आक्रमणमा अर्का एक जना अमेरिकी ठेकेदार पनि घाइते भएका थिए । युद्ध अनुगमन गर्ने संस्था सिरियन अब्जरभेटरीका प्रमुख रामी अब्देल रहमानले पूर्वी सिरियाको देइर एजोर शहरका रहेको हतियार भण्डार केन्द्रलाई लक्ष्य गरेर भएको हवाई हमलामा इरान समर्थक छ जना लडाकु तथा मायादिनको मरुभूमि र अल-बुकमाल नजिक भएको अर्को हमलामा दुई जना मारिएका बताएका छन् ।

यसैबीच, अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले राष्ट्रपति जो बाइडेनको निर्देशनमा इरानको इस्लामिक रिभोलुस्नरी गार्डस् कर्प्ससँग सम्बद्ध समूहले प्रयोग गर्दै आएको स्थानमा हवाई हमला गरिएको बताउनुभएको छ ।

# एसिया कपमा भारतका खेल पाकिस्तान बाहिर हुने

**एजेन्सी**

नयाँ दिल्ली । आगामी सेप्टेम्बरमा हुने तय एकदिवसीय एसिया कपअन्तर्गत भारतबाहेकका टिमका मात्र खेल पाकिस्तानमा हुने भएको छ।

क्रिक इन्फोका अनुसार भारत र पाकिस्तान एकअर्काविरुद्ध पाकिस्तान बाहिर खेल्न सहमत भएका छन्। भारतको खेल हुने स्थानको तय भइसकेको छैन। युएई, ओमान, श्रीलंका र इङ्ल्यान्डमा एक सम्भावित आयोजना स्थल हुन्।

भारत र पाकिस्तानसँगै यस वर्षको एसिया कपमा ६ टिम भिड्दैछन्।

एउटा समूहमा भारत, पाकिस्तान र एसिसी प्रिमियर कप विजेताबीच प्रतिस्पर्धा हुनेछ। एसिसी प्रिमियर कप आगामी महिना नेपालमा हुँदैछ। नेपालमा हुने एसिसी प्रिमियर कपको खेल तालिका सार्वजनिक, नेपालको समूहमा ओमान

अर्को समूहमा श्रीलंका, बंगलादेश र अफगानिस्तान छन्। फाइनल सहित १३ दिनमा कुल १३ खेल हुनेछन्। २०२२ को एसिया कपको ढाँचा अनुसार प्रत्येक समूहबाट शीर्ष दुई टोली सुपर ४ मा पुग्छन् र शीर्ष दुई टोलीले फाइनलमा प्रतिस्पर्धा गर्छन्। यो ढाँचाअनुसार भारत र पाकिस्तानबीच तीन पटक खेल्ने सम्भावना कायमै छ।

सुरक्षाका कारण देखाउँदै पाकिस्तानमा खेल्न भारतले अनाकानी गरिरहेको थियो।



एसिया कपको केही खेल पाकिस्तान बाहिर आयोजना गर्ने विकल्पका लागि एसियाली क्रिकेट काउन्सिल (एसिसी) का सदस्यहरूले गत साता दुबईमा आइसिसीको त्रैमासिक बोर्ड बैठक हुँदै गर्दा अर्को बैठक गरेका थिए। जहाँ सबैभन्दा अनुकूलको विकल्पमा जान सैद्धान्तिक रूपमा सहमति भएको थियो।

मार्चको मध्यमा बहराइनमा भएको एसिसी बैठकमा निर्णयमा पुग्न असफल भएपछि फेरि दुबईमा दुई चरणको अनौपचारिक छलफल भएको थियो। एसिया कप २०२३ को संस्करणको आयोजना गर्ने अधिकार भएको पाकिस्तान क्रिकेट बोर्डका अध्यक्ष नजम सेठी र बीसिसिआइका सचिव जय शाह बैठकमा सहभागी थिए।

गत अक्टोबरमा पाकिस्तान क्रिकेट बोर्डलाई शाहले २०२३ एसिया कप "तटस्थ" स्थानमा आयोजना गर्न आग्रह गरेका थिए। पाकिस्तानका तत्कालिन अध्यक्ष रमिज राजाले भने उक्त प्रस्ताव अस्विकार गर्दै प्रतियोगिता नै नखेल्ने चेतावनी दिएका थिए।

बहराइन र दुबईमा भएको छलफलमा सेठीले त्यहिँ अडान दोहोर्‍याएका थिए। एसिसी अध्यक्षको हैसियतमा आफूले उक्त अभिव्यक्ति दिएको शाहले बताएका थिए। यसअघि शाहले एसिया कपका लागि भारतीय टिम पाकिस्तान जान नजाने बताएका थिए। अहिले भारतको मात्र खेल पाकिस्तानमा नगर्ने सहमति भएको हो।



मोरङको नलबारीस्थित चैते धानको बीउ काढ्दै स्थानीय कृषक महिला। तस्बिर :रासस

# झापामा खुल्यो 'जैविक मल' उत्पादन गर्ने उद्योग

झापा । हाइ हिमालयन अर्ग्यानिक प्रालिले शिवसताक्षी नगरपालिका-८ मा मासिक एक हजार मेट्रिक टन जैविक मल उत्पादन गर्ने कारखाना सञ्चालन गरेको छ।

रासायनिक मलको अभाव बर्सेनि हुँदै आएको अवस्थामा त्यसको विकल्पका रूपमा प्रयोग गर्न मिल्ने जैविक मलको माग बढिरहेको हुँदा कम्पनीले रु ६० लाख लगानीमा कारखाना स्थापना गरेको प्रालिका अध्यक्ष प्रदीप घिमिरेले बताउनुभयो।

छ महिनाअघिदेखि कारखानाबाट थ्रीस्टार ब्रान्डका चार प्रकारका जैविक मल उत्पादन भइरहेका छन् । यहाँबाट उत्पादित मलको प्रयोगले रासायनिक मलको आयातलाई प्रतिस्थापन गर्नुका साथै माटोको उर्वरा शक्तिलाई बढाउने घिमिरेको भनाइ छ।

कारखानाबाट पातमल, जरामल, धुलोमल र माछामल उत्पादन भइरहेको छ । यी पातमल, जरामल र धुलोमलको प्रयोगले बोटबिरुवालाई छिटो बढ्न, राम्रो उत्पादन दिन र बाली संरक्षक प्राङ्गारिक जीवाणुको रक्षा गर्ने उहाँले जानकारी दिनुभयो । माछामलले पोखरीमा माछाका लागि प्राकृतिक खाद्य पदार्थ बढाउन मद्दत गर्दछ।

जैविक प्रविधिमा आधारित यी मलको माग दिनानुदिन बढिरहेको जनाउँदै कारखानाका सञ्चालक घिमिरेले माटोमा पहिले प्रयोग भएको रासायनिक मलको नकारात्मक असर हटाउन, जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न र रोग कीराको प्रकोप नियन्त्रण गर्नसमेत यसले सहयोग पुऱ्याउने बताउनुभयो।

हाल धुलो र झोलको रूपमा मल उत्पादन भइरहेको छ। महिनामा एक हजार मेट्रिक टन मल उत्पादन गर्न सक्ने क्षमताको कारखाना स्थापना गरिएता पनि हाल महिनामा पाँच सय मेट्रिक टनमात्र मल उत्पादन हुँदै आएको छ।

स्थानीयस्तरमा पाइने, झारपात, काठको धुलो, पिना, गाईको गोबर, गहुँतलगायतको कच्चा पदार्थ यो मल बनाउन प्रयोग हुने गरेको छ । आगामी वैशाखदेखि पूर्ण क्षमताका साथ मासिक एक हजार मेट्रिक टन मल उत्पादन गर्ने कम्पनीको लक्ष्य छ।

हाइ हिमालयनले कम्पोस्ट मल प्रतिकिलो रु ५० र झोलमल प्रतिलिटर रु ३० का दरले झापा र इलामका किसानलाई बिक्री गर्दै आएको छ। रासायनिक मलको बर्सेनि हाहाकार हुने र किसानले विकल्प नपाइरहेको अवस्था देखेर जैविक मल उत्पादन गर्ने ठूलो कारखाना स्थापना गर्ने सोच आएको बताउने सञ्चालक घिमिरे पूर्वपत्रकार हुनुहुन्छ।

उहाँ मूलधारका विभिन्न पत्रपत्रिका र रेडियोमा आबद्ध रहेर पत्रकारिता गर्नुहुन्थ्यो । अहिले उहाँ पत्रकारिता पेसा छाडेर कृषि क्षेत्रमा मल क्रान्ति गर्ने लक्ष्यका साथ लागिरहनुभएको छ।

"एकातिर सरकारले रासायनिक मल किसानलाई चाहिएका बेला उपलब्ध गराउन सकेको छैन, त्यो पनि विदेशबाट मगाउनु पर्छ", उहाँले मल काराखाना खोल्नुको कारण बताउँदै भन्नुभयो, "अर्कोतिर रासायनिक मलको प्रयोगले माटोको उर्वरा शक्तिमा क्षयीकरण भइसक्यो, विषादीको प्रयोग नगरी बाली उत्पादन हुन छाड्यो, यो जटिल अवस्था देखेपछि पत्रकारिता त्यागेर जैविक मल उत्पादनको कारखाना सञ्चालन गर्ने अठोट गरेका हौँ।"

उहाँले वार्षिकरूपमा नेपाल सरकारले मल खरिदमा मात्र करिब रु २५ अर्ब खर्चँदासमेत समयमा किसानले मल नपाउँदा भोग्नुपर्ने सास्तीलाई हाइ हिमालयनजस्ता स्वदेशमै खुलेका अर्ग्यानिक मल कारखानाले राहत मिल्ने बताउनुभयो।

सरकारले जैविक मल उत्पादक उद्योगी र प्रयोगकर्ता किसानलाई प्रोत्साहन अनुदान दिनुपर्ने उहाँको सुझाव छ। उहाँले जैविक मल उत्पादन गर्ने तरिका अध्ययनका लागि थाइल्यान्ड, फिलिपिन्स, डेनमार्क, बेल्जियमलगायतका देशको भ्रमण गरिसकेको बताउनुभयो । "त्यहाँको अनुभव र प्रविधिलाई समेत हामीले यहाँ प्रयोगमा ल्याइरहेका छौँ", उहाँले भन्नुभयो।

पत्रकारिता पेसा त्यागेर मल कारखाना खोलेर आफूले सुरुमै दैनिक आठ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरिरहेको बताउनुभयो । मलको माग बढ्दै जाँदा रोजगारी अझ बढी सिर्जना हुने सम्भावना छ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी गणेश शिवाकोटीले जैविक मल उत्पादन गर्ने यस्ता कृषि उद्योग खुल्नु सराहनीय भएको बताउँदै जैविक मल उत्पादन गर्ने झापाका दुई कम्पनीलाई रु एक करोड अनुदान दिन सम्झौता भइसकेको जानकारी दिनुभयो।

उहाँले केन्द्रले हाइ हिमालय अर्ग्यानिक प्रालि र बुद्धशान्ति गाउँपालिका-३ को अङ्कुरण एग्रो प्रालिलाई रु ५० लाखका दरले अनुदान दिने सम्झौता भएको बताउनुभयो । अङ्कुरण एग्रो प्रालिले आगामी वैशाखदेखि मासिक पाँच सय मेट्रिक टन जैविक मल उत्पादन गर्ने जनाएको छ।

यो अनुदान प्रदेश सरकारमार्फत आएको हो । कोशी प्रदेश सरकारले जैविक मल उत्पादन गर्नेलाई प्रोत्साहनस्वरुप अनुदान दिने नीति ल्याएको छ। रासस

# ब्याज अनुदानपछि व्यवसायी बन्दै युवा

रामपुर । बजारमा दैनिकरूपमा अण्डाको माग बढ्दो देखेपछि रामपुरका हरि आचार्य पोल्टी फार्ममा आकर्षित हुनुभयो। कृषि, पशुपक्षीपालनसँग जोडिएर गाउँमै केही व्यवसाय गर्नुपर्छ भन्ने हुटहुटी राख्ने आचार्यको यतिबेला पोल्टी फार्म व्यवसाय लोभलाग्दो बनेको छ । केही वर्ष वैदेशिक रोजगार घर फर्किएपछि फर्निचर व्यवसायमा राम्रो अनुभव बटुल्नुभएका आचार्यको पहिचान अन्ततः पोल्टी फार्ममा जोडिएको छ।

उहाँलाई यस व्यवसायका लागि रामपुर नगरपालिकाले युवा स्वरोजगार कार्यक्रमअन्तर्गत रु ३० लाख बराबरको कर्जा रकमको ब्याज अनुदान उपलब्ध गराएपछि उत्साहका साथ व्यवसाय चलाउनुभएको छ । दिगोरूपमा व्यवसाय चलाउने अठोट लिएर रामपुर नगरपालिका-८ माथिल्ला ढिक आफ्नै पुर्ख्यौली बस्तीमा अचार्य पोल्टी फार्मका नाममा करिब चार रोपनी जग्गामा व्यवसाय चलाउनुभएको छ।

अन्धकारमुक्ति बचत तथा ऋण सहकारीमार्फत व्यवसाय सञ्चालनका लागि लिएको रु ३० लाख बराबरको कर्जाको मासिक ब्याज रु ३४ हजार नगरपालिकाले उपलब्ध गराएपछि व्यवसायमा धेरै सजिलो भएको उहाँले बताउनुभयो । "व्यवसायका लागि आफूले लिएको ऋणको ब्याज तिर्नु नपर्दा धेरै राहत भएको महसुस गरेको छु", उहाँले भन्नुभयो, "ब्याज तिर्नु नपरेपछि धेरै सजिलो हुँदोरहेछ, नगरले ल्याएको यो कार्यक्रम अति नै प्रभावकारी छ।"

बुटवल, भैरहवा, चितवनलगायतका बजारबाट रामपुरमा ठूलो परिमाणमा अण्डा भित्रिएको देखेपछि उहाँले व्यावसायिकरूपमा अण्डा उत्पादनमा जोड दिएको बताउनुभयो । अण्डा उत्पादनका लागि उहाँको फार्ममा लेयर्स जातका कुखुरा छन्। रामपुर क्षेत्रलाई अण्डामा आत्मनिर्भर बनाउने उहाँको अभियान छ । व्यवसाय गर्न नगर सरकारले युवा स्वरोजगार कार्यक्रममार्फत ब्याज अनुदान दिएपछि उहाँलाई व्यवसायमा ठूलो राहत पुगेको छ।

"ब्याज अनुदान कार्यक्रम गाउँमै केही व्यवसाय गर्छु भन्नेका लागि असाध्यै उपयोगीमूलक लाग्यो, ठूलो लगानी गरेर दीर्घकालीनरूपमा चलाइएका व्यवसायलाई दुई वर्षको मात्र ब्याज अनुदान नभई यसलाई नगर सरकारले व्यवसायका आधारमा बढाउनुपर्नेछ, व्यवसायीलाई ऋणको भार कम पर्नेछ, एक/दुई वर्षको समय व्यवसाय लगानीकै क्रममा रहने हुँदा आम्दानी लिन पाइने अवस्था रहँदैन", उहाँले भन्नुभयो।

रामपुरमा अण्डाको माग राम्रो रहेको हुँदा उत्पादनमा जोड दिने उहाँको भनाइ छ । विसं २०७२ मा तीन हजार दुई सय कुखुराबाट व्यवसाय सुरु गर्नुभएका अचार्यले यो व्यवसाय एक्लै धान्दै आउनुभएको छ । हाल उहाँको फार्ममा एक हजार पाँच सय कुखुरा छन् । अब दुई हजार कुखुरा राख्ने तयारी गरिरहनुभएको छ । दैनिक ७० पेटीसम्म अण्डा उत्पादन भइरहेको छ । वार्षिकरूपमा रु ८२ लाख बराबरको कारोबार हुने गरेको व्यवसायी आचार्यको भनाइ छ । उहाँ भन्नुहुन्छ, "विदेशको अनुभव पनि गरियो । स्वदेशमै जस्तो पैसा कमाउन सजिलो विदेशमा हुँदैन।"

अहिले दानाको मूल्य ह्वात्तै बढ्दा दाना व्यवस्थापनमा व्यवसायीलाई समस्या परिरहेको छ । व्यवसाय सुरुका समयमा प्रतिकिलो रु ३२ मा खरिद गरेको दाना हाल प्रतिकिलो रु ७३ मा खरिद गर्नु परेकामा दानामा धेरै रकम खर्चिनु पर्दा व्यवसायी मारमा पर्ने अवस्था रहेको उहाँ बताउनुहुन्छ। अचार्यले दैनिक १६० किलोभन्दा बढी दाना व्यवस्थापन गरिहनुभएको छ। संरचना निर्माण र कुखुरा खरिदमा करिब रु ६५ लाख बराबरको लगानी परेको छ । पाँच हजार दुई सय कुखुरा अट्ने क्षमताको पक्की संरचना तयार भएकाले फराकिलो संरचनामा कुखुरा खेल्दै हुर्कने वातावरणले छिटो उत्पादन दिएको आचार्य बताउनुहुन्छ।

छ महिनादेखि अण्डा उत्पादन दिन सुरु गरेको कुखुराले दुई वर्षसम्म उत्पादन दिइरहन्छ । यहाँ उत्पादन भएको अण्डा प्रतिगोटा होलसेल रु १२ र खुद्रा रु १३ मा बिक्री भइरहेको छ। करिव छ वर्ष युनाइटेड अरब इमिरेट्समा बसेर स्वदेश फर्कनुभएका आचार्यले रामपुर मटेरीमा सात वर्ष फर्निचर उद्योग पनि चलाउनुभयो। अन्ततः आफ्नै पुर्खौली जग्गालाई सदुपयोग गर्दै अण्डा उत्पादन व्यवसायमा लागेपछि छुट्टै आनन्दानुभूति भइरहेको बताउनुहुन्छ।

रामपुर नगरपालिकाले युवा स्वरोजगार कार्यविधि २०७५ तयार पारेर कार्यविधि अनुसार नै कार्यक्रम सञ्चालन गरिरहेको छ। तरकारी, फलफूल, कुखुरा, बाख्रा, गाई, भैंसी, बङ्गुर, च्याउ, मौरीपालन व्यवसाय गर्ने युवालाई ब्याज अनुदान दिइएको छ । हालसम्म यस कार्यक्रमअन्तर्गत ८६ जना युवाले ब्याज अनुदान प्राप्त गरेको कृषि शाखा प्रमुख तथा समितिका सदस्य सचिव रामहरि पाण्डेय बताउनुहुन्छ।

उहाँका अनुसार सहभागी युवाले यस कार्यक्रममा रु छ करोड ९० लाख ४० हजार बराबरको विभिन्न बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएको र सो कर्जाको हालसम्म रु ७२ लाख पाँच हजार आठ सय ७५ रकम ब्याज अनुदान उपलब्ध गराइएको छ। कार्यक्रममा समावेश युवाले रु दुई लाखदेखि रु ३० लाखसम्मको ऋण लिएर व्यवसाय गरेका छन् । सो रकमको मासिक ब्याज नगरपालिकाले भुक्तानी गरिरहेको कृषि शाखा प्रमुख पाण्डेयले जानकारी दिनुभयो।

ब्याज अनुदान उपलब्ध गराउन थालेपछि गाउँमै बसेर केही उद्यम, व्यवसाय गर्छु भन्नेका लागि ठूलो राहत मिलेको छ। मासिक ब्याज नगरपालिकाले भुक्तानी गरिदिएपछि व्यवसायीलाई ऋणको भार कम परेको छ। युवालाई विदेश पलायन हुन नदिने, गाउँमै आयआर्जनमूलक क्षेत्रमा लगानी गरेर व्यवसाय गर्न यस कार्यक्रमले प्रोत्साहन गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपाने बताउनुहुन्छ।

"प्रभावकारी अनुगमन गरेर विदेश पलायन हुने आकर्षण बढेका युवालाई स्वदेशमै स्वरोजगारको ढोका खोल्ने गरी नगरले युवामाझ ल्याएको यस कार्यक्रम नमूना रहेको छ, केही गर्छु भनेर व्यवसायमा लागेका युवाले विभिन्न व्यवसायबाट राम्रो कार्य गरिरहनुभएको छ", प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले भन्नुभयो।

कृषि उत्पादनलाई वृद्धि गरेमा हाटबजारमा बिक्री वितरण गर्ने, बजारको प्रबन्धलगायतका कार्य कृषि शाखाबाट हुने उहाँले बताउनुभयो । उत्पादित वस्तुको बजारमा बिक्री भएन भन्ने गुनासो किसानबाट आउन नदिने प्रबन्ध नगरले गर्नेछ तर किसानले कृषिजन्य उत्पादन वृद्धि गर्नुपर्नेमा प्रमुख प्रशासकीय अधिकृत न्यौपानेको भनाइ छ। बजार स्थिर नहुँदा पनि उत्पादन गरेका कृषि उत्पादन कहिलेकाहीँ खपत नहुने अवस्था कृषकले झेल्नुपर्ने सास्ती उत्तिकै खेप्नुपर्छ।

युवा वैदेशिक रोजगारीमा जानेक्रम बढ्दै जाँदा गाउँ रित्तिँदै जाने अवस्था रहेको हुँदा गाउँमै बसेर तरकारी, फलफूल, पशुपक्षीपालन, कुखुरा, बाख्रा, गाईभैंसीपालन गरेर मनग्य आम्दानी गर्न सकिने भएकाले व्यवसायका लागि नगर सरकारले दुई वर्षको ब्याज अनुदान सहयोग कार्यक्रम ल्याएको नगर प्रमुख रमणबहादुर थापा बताउनुहुन्छ। "प्रदेश, सङ्घ र स्थानीय सबै सरकारले अनुदानका कार्यक्रम ल्याए पनि लगानीअनुसारको उपलब्धि हुन सकेन, अनुदानको नाममा कतिपय ठाउँमा दुरुपयोग भएको छ", उहाँले भन्नुभयो, "पूर्णरूपमा अनुदानभन्दा पनि युवाले लिएको ऋणको दुई वर्षसम्म ब्याज नगरपालिकाले तिरिदिनेछ, यसले नियमितरूपमा व्यवसाय गर्नेलाई निरन्तर ब्याज उपलब्ध गराइएको छ भने बीचमै व्यवसाय छाड्नेलाई ब्याज अनुदान उपलब्ध हुँदैन।"

विभिन्न विधामा कार्यविधि बनाएर व्यवसायीले तयार पारेको संरचना अनुगमन गरेर मात्रै यस कार्यक्रममा युवालाई छनोट गर्ने गरिएको छ। यस कार्यक्रममा सहभागी युवाले प्रत्येक तीन/तीन महिनामा आफूले लिएको ऋण बैंक तथा वित्तीय खातामा ब्याज नगरपालिकाले तिरिदिने गरेको नगर प्रमुख थापाले बताउनुभएको छ।

सुरुका बखत बैंकबाट मात्रै व्यवसायीले ऋण लिन पाउने व्यवस्था भए पनि अहिले भने युवालाई सहजताका लागि रामपुर नगरपालिकाभित्र रहेका जुनसुकै बैंक तथा वित्तीय संस्थाबाट लिन पाउने नगरले व्यवस्था गरिदिएको छ। रु ३० लाखसम्म कर्जा स्वीकृतका लागि नगरपालिकाले बैंक तथा वित्तीय संस्थालाई सिफारिस गर्ने र ब्याज अनुदान उपलब्ध गराएको छ। रासस

# हेटौँडा सिमेन्टको उत्पादन बन्द

बागमती। सरकारी स्वामित्वमा सञ्चालनमा रहेको हेटौँडा सिमेन्ट उद्योगले शुक्रबारदेखि उत्पादन बन्द गरेको छ।

सिमेन्ट उत्पादनका लागि आगो बाल्ने मेसिन (भट्टी)मा प्राविधिक समस्या आएपछि शुक्रबारदेखि सो उद्योगको उत्पादन बन्द भएको उद्योग व्यवस्थापनले जनाएको छ। सो मेसिनको मर्मतको प्रक्रिया सुरु भएको र आगामी एक हप्तामा मर्मत भई पुनःसञ्चालनमा आउने सो उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकरी दिनुभयो । उद्योगको मेसिन तथा उपकरण धेरै पुरानो भएकाले बिग्रिने र प्राविधिक समस्या आउने गरेको उहाँको भनाइ छ।

विगतमा उद्योगका लागि चाहिने कोइलाको समस्या थियो तर हाल कोइलाको समस्या नरहेको बताउँदै उहाँले बोलपत्र आह्वानमार्फत बाह्य मुलुकबाट कोइला आयात भइरहेको जानकारी दिनुभयो।

सो उद्योगमा अहिले दैनिक एक सय १० टन कोइला खपत भइरहेको छ। साथै हेटौँडा सिमेन्ट उद्योगमा गोदाममा रहेको सिमेन्टको प्याकिङ गर्ने तथा बिक्रीवितरण गर्ने काम भइरहको उद्योग व्यवस्थापनले जनाएको छ । अहिले उद्योगबाट दैनिक करिब १४ हजार बोरा सिमेन्ट उत्पादन भइरहेको छ।

उद्योगका लागि पर्याप्त मात्रामा चुनढुङ्गाको मौज्दात रहेको बताइएको छ । नेपाल सरकारद्वारा २०३२ सालमा स्थापना भएको सो उद्योगले २०४३ सालदेखि व्यावसायिकरूपमा सिमेन्टको उत्पादन सुरु गरेको थियो । हाल त्यहाँ करिब तीन सय जनशक्ति रहेका छन् । रासस

# २०८१ मा बोलपत्र आह्वान गर्ने तयारी

दमौली । तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको तल्लो सेती जलविद्युत् आयोजनाको निर्माणकार्य विसं २०८१ बाट सुरु गर्ने तयारी गरिएको छ । यस कम्पनीले तनहुँको ऋषिङ गाउँपालिका-१ मा एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।

तनहुँ जलविद्युत् आयोजनाको एक सय ४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको रेगुलेटेड प्रवाह तथा मादी नदीको थप प्रवाहसमेत प्रयोग गर्न तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो।

एक सय चार मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाका लागि ढिलोमा विसं २०८१ सम्ममा बोलपत्र आह्वान गर्ने तयारीका साथ काम अगाडि बढेको तनहुँ हाइड्रोपावर लिमिटेडका इञ्जीनियरिङ तथा प्राविधिक महाशाखा प्रमुख एवं प्रस्तावित तल्लो सेती जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो।

तल्लो सेती जलविद्युत् आयोजना निर्माणका लागि विस्तृत अध्ययन सकिएको छ। आयोजनाले विज्ञ समूह नियुक्त गरी काम अगाडि बढाएको थियो। परामर्शदाताले पेस गरेको विस्तृत डिजाइन प्रतिवेदन पुनरावलोकनका लागि नियुक्त तीन सदस्यीय अन्तर्राष्ट्रिय विज्ञ समूहले विसं २०७८ असार २३ गते डिजाइन पुनरावलोकन प्रतिवेदन बुझाइसकेको छ। विज्ञ समूहले पेस गरेको आयोजनाको डिजाइनबमोजिम थप केही काम गर्ने तयारी गरिएको छ।

"विज्ञ समूहले सुझाव दिएअनुसार केही काम अगाडि बढाउन खोजिएको छ, वातावरणीय प्रारम्भिक मूल्याङ्कनको काम पनि सकिएको छ", भण्डारीले भन्नुभयो। आगामी आर्थिक वर्षमा उक्त क्षेत्रमा केही पूर्वाधार निर्माणको काम सुरु हुनेछ । भवन बनाउने, बाटो बनाउने, पुल बनाउने काम आगामी आर्थिक वर्षमा नै सुरु गर्ने तयारी गरिएको भण्डारीले बताउनुभयो।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले तल्लो सेती जलविद्युत् आयोजनाको क्षेत्र निरीक्षण गरी काम अगाडि बढाउने तयारीसहित लाग्न निर्देशन दिइसक्नुभएको छ।

कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एसियाली विकास बैंक (एडिबी) बाट प्राप्त करिब ३ दशमलव ५ मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जीनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी काजगात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ।रासस


सर्लाही जिल्ला साविक कौडेना गा.वि.स. वडा नं. २ र हाल कौडेना गाउँपालिका वडा नं. ३ मा बस्ने संजय चौधरीको नाममा घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०६५/०९/०९ गते दर्ता भएको दर्ता नं. ३७०८/०६५/०६६ रहेको शम्भु जयसवाल फिक्स ईट्टा उद्योग जिल्ला सर्लाही साविक मोतिपुर गा.वि.स. वडा नं. ६, परिवर्तित कौडेना गा.पा.-४, सर्लाहीमा संचालनमा रहेको र उक्त ईट्टा उद्योगलाई Habla Zig-Zag Kiln प्रविधिमा आधारित जिल्ला सर्लाही साविक मोतिपुर गा.वि.स. वडा नं. ६, परिवर्तित कौडेना गा.पा.-४, सर्लाहीबाट ठाउँसारी गरी हाल जिल्ला सर्लाही साविक कौडेना गा.वि.स. वडा नं. १ख र परिवर्तित कौडेना गा.पा.-३, को कित्ता नं. २६२, २६३, २५५ र २६० (क्रमशः ०-१२-१९, ०-९-१८, ०-१२-९ र ०-५-०.५) जग्गाको कुल क्षेत्रफल २-०-६.५ (बिगहा-कट्ठा-धुर) मा ठाउँसरी गरी शम्भु जयसवाल आधुनिक ईट्टा उद्योगको नामबाट संचालन गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धीको

## सार्वजनिक सूचना

**प्रकाशित मितिः २०७९/१२/१०**

मधेश प्रदेश सर्लाही जिल्ला कौडेना गाउँपालिका वडा नं. ३ मा निर्माण तथा संचालन हुने शम्भु जयसवाल आधुनिक ईट्टा उद्योग द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावको नामः** | शम्भु जयसवाल आधुनिक ईट्टा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी। |
| **प्रस्तावकको नाम र ठेगाना** | शम्भु जयसवाल आधुनिक ईट्टा उदोग, कौडेना गाउँपालिका-३, सर्लाही (साविक शम्भु जयसवाल फिक्स ईट्टा उद्योग, सर्लाही साविक मोतिपुर गा.वि.स. वडा नं. ६) |
| **प्रस्तावकको व्यहोराः** | इट्टा उत्पादन गर्ने। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | सर्लाही जिल्ला कौडेना गाउँपालिका-३ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कसतो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **जिल्ला स्थित सम्बन्धीत उद्योग कार्यालयको नाम र ठेगानाः** | घरेलु तथा साना उद्योग कार्यालय, मलगंवा सर्लाही।<br>**सम्पर्क नं.** ०४६-५२०१८६<br>**इमेलः–** dcsisarlahi@gmail.com |
| **सम्बन्धीत वडाको नाम र ठेगानाः** | ३ नं. वडा कार्यालय, कौडेना गाउँपालिका, सर्लाही |
| **प्रस्तावकको नाम र ठेगानाः** | शम्भु जयसवाल आधुनिक ईट्टा उद्योग, कौडेना गाउँपालिका-३, सर्लाही।<br>**सम्पर्क व्यक्तिः** संजय चौधरी |
| **परामर्शदाताको नाम र ठेगानाः** | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. विरगंज-१६, पर्सा।<br>**सम्पर्क व्यक्तिः–** शम्भु प्रसाद चौरसिया<br>**इमेलः–** shambhuprasadchaurasia@gmail.com |

# दाईजोका कारण प्रताडित आरतीले पाइन प्रारम्भिक न्याय

टुडे समाचारदाता

राजविराज । सप्तरी जिल्ला अदालतले राजविराज ३ का ३० वर्षीय नवीन कुमार दासलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ । मुख्य न्यायाधीश हेमन्त रावलको इजलासले दास विरुद्ध परेको विवाह सम्बन्धी कसुर र गर्भपतन मुद्दामा थुनछेक बहस पछि शुक्रवार थुनामा पठाउने आदेश जारी गरेको छ।



अदालतको आदेश लगतै प्रहरीले उनलाई राजविराज कारागार चलान गरेको छ । दाईजोका नाममा श्रीमान् नवीन संगै परिवारको अन्य सदस्यले शारीरिक र मानसिक यातना, कुटपिट, गर्भपतन, खान लाउन न दिने र घर निकाला सम्मको कसुर गरेको भन्दै उनको श्रीमती २३ वर्षीया आरती कुमारी दास न्यायका लागि अदालतको शरणमा पुगेकी थिइन।

यस अघि घरेलु हिंसाको मुद्दामा समेत जिल्ला अदालतले आरतीको पक्षमा संरक्षणात्मक आदेश जारी गरेको थियो । आदेशमा आरतीलाई बस्दै आएको घरमा वसोवास गर्न दिनु, खान लाउन दिनु तथा कुटपिट र गाली बेइज्जत न गर्नु भनिएको थियो । त्यति बेला पनि घर प्रवेश गराउन खोज्दा परिवारजनले घरको मूल गेटमा भित्र पट्टीबाट ताला लगाएर बसेका थिए । पटक पटक आग्रह गर्दा पनि ढोका न खोलेपछि कानून व्यवसायी, संचारकर्मी, जनप्रतिनिधि, प्रहरी र स्थानीय बासीले बाहिरबाट सिढी लगाएर आरतीलाई घरको कम्पाउण्ड भित्र छिराएका थिए।

तर अदालतको आदेशको पालना नगरी श्रीमान् नवीन, सासु, ससुरा, नन्द र परिवारका अन्य सदस्यहरु मिली फेरि त्यस्तै प्रकृतिको व्यवहार दोहऱ्याउन थालेको भन्दै आरती पुनःअदालतको शरणमा पुगेकी थिइन।

उनले अदालतमा पेश गरेको विवाह सम्बन्धी कसुर र गर्भपतन सम्बन्धी मुद्दामा थप ५० लाख दाईजो माईतबाट लिइ आउन परिवारजनले दवाव दिन थालेको र इन्कार गर्दा गर्भवती अवस्थामा समेत खान लाउन न दिइ कुटपिट गरेपछि २ महिना २ दिनको गर्भ समेत तुहिएको उल्लेख गरेकी छन।

गर्भ तुहिएको सम्बन्धी मेडिकल रिर्पोट पनि पेश गरेकी उनले दाईजोका लागी पटक पटक शारीरिक र मानसिक यातना मात्र होइन । घरमा खान लाउन पनि न दिदाँ कतिपय दिन भोक भोकै वस्नु परेको त कतिपय दिन माइतीबाट खाना खर्च मगाई खानाको जोहो आफैले गर्नु परेको पीडा उल्लेख गरेकी छन । आरतीको भनाइमा गर्भवती भएपछि नवीन र परिवारका अन्य सदस्यले गर्भपतन गराउन निकै दबाव दिने गरेका थिए। तर उनी मानेनन्।

श्रीमान र ससुराली पक्षको यातनाबाट मुक्ति पाउन अदालत धाउन आफूसंग खर्च र पूर्ण जानकारी न हुँदा प्रदेश सभासदस्य समेत रहेकी अधिवक्ता किरण कुमारी साहले निःशुल्क कानूनी सहायता उपलब्ध गराउदै बहस पैरवी गरी ठूलो गुण लगाएको आरतीले बताइन।

# मधेशवादी दलहरूको भेडा जुधाई

ब्लग :



श्यामसुन्दर शशि



राष्ट्रपति चुनावमा कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेललाई कुममा कुम जोडेर मतदान गरेका जनता समाजवादी पार्टी,जनमत पार्टी,लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी उपराष्ट्रपति निर्वाचनमा रामसहाय प्रसाद यादव र ममता झालाई मतदान गर्ने बेला दुई तिर फर्किए । दुई कित्तामा विभाजित भए । जनमत,लोसपा र नागरिक उन्मुक्ति पार्टी ममता झाको पक्षमा उभिए भन्ने कांग्रेस, माओवादी,एकीकृत समाजवादी पार्टीसहितका सत्तागठबन्धनसंग जसपाले सहकार्य गऱ्यो । अन्ततः जसपा नेता रामसहाय प्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भए । उपराष्ट्रपति पदमा यादव वा ममतामध्ये जो जितेपनि मधेश प्रशन्न हुन्थे । कथंकदाचित दुबै हारेको भए दुःखी हुन्थे । मधेशवादी दल र मधेशवादी नेताहरु विभाजित भए पनि मधेशको मनोविज्ञान भने अझै पनि विभाजित छ । दुर्भाग्य, जति हण्टर खाए पनि मधेशवादी दलका नेताहरु मधेशको मनोविज्ञान बुझ्न सकेका छैनन् ।



राष्ट्रपतिको निर्वाचनमा कुमकुममा कुम जोडेर मतदान गरेका मधेशवादी दलका नेताहरु आफ्नै मूलका उपराष्ट्रपतिको निर्वाचनमा किन विभाजित भए ? यस सवालको जवाफ आम मधेशीलाई चाहिन्छ । मधेशवादी दलहरुको मुद्दा मिल्छ । जात मिल्छ । संस्कृति मिल्छ । भोट बैंक मिल्छ । अनि मन किन मिल्दैन ? पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा मन्त्री बन्न खुट्टा उचालेर बसेका चारवटै मधेशवादी दलका नेताहरु रामसहाय प्रसाद यादव अथवा ममता झालाई मतदान गर्ने विषयमा किन फरक फरक ध्रुवमा उभिन्छन् ? मधेशी मूलका नेताहरुको राजनीतिक उद्देश्य मधेशको हक हित हो कि आपसी वैमनस्यता साध्ने साधन ?

सत्तागठबन्धन दलहरु बीच भएको समझौता ओपेन सेक्रेट जस्तै हो - रामसहाय प्रसाद यादवलाई उपराष्ट्रपति बनाएर बारा २ को संसदीय सिट खाली गराउँने अनि बैशाख १० गते हुने उपनिर्वाचनमा जसपा अध्यक्ष उपेन्द्र यादवलाई त्यही सिटबाट उम्मेदवार बनाएर संसद पुऱ्याउने । सत्तागठबन्धन दलले चाह्दैमा कुनै उम्मेदवार जित्ने र हार्ने होईन । चुनावी प्रतिस्पर्धा हुने नै भए । अनि चुनावमा प्रतिस्पर्धा गर्न सबैको अधिकार हुन्छ । जनता जसलाई पत्याउँछन ऊ सांसद बन्ने हो । तर उपेन्द्र यादवको पक्ष र विपक्षमा जुन किसिमको साईवर एटेक हुदै छ , त्यो मधेशी समाजलाई दुई कित्तामा विभाजित गरेको छ ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउत बारामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उपेन्द्र विरुद्ध दिनु भएको अभिव्यक्ति अचेल सामाजिक सञ्जालमा भाईरल बनेको छ । बारावासीसंग उनले अपिल नै गरेका छन् - बारामा कोई माईकालाल छैन जो चुनावमा प्रतिस्पर्धा गरोस् । बाराबाट उपेन्द्र जितोस् , राजेन्द्र महतो जितोस् वा रामसहाय प्रसाद यादवजस्तै कुनै अन्य रैथाने नेता सांसद बनोस् । यो बहसको विषय होईन , कारण यस अघि पनि भनि सकिएको छ - चुनावी प्रतिस्पर्धामा कुनै दलका कुनै पनि नेता जित्न सक्छन् । कुरा पात्रको होईन प्रवृतिको हो । आखिर के कारण हो -सिकेजीलाई उपेन्द्र जी मन नपराएको ? सप्तरीबाट दुबै जना चुनावी प्रतिस्पर्धा गर्नु भयो । सिके जी जित्नु भयो अनि उपेन्द्रजी हार्नु भयो । सकिगो नि ।

जसपा अध्यक्ष उपेन्द्र यादव मधेश आन्दोलनका नायक हुन् भन्ने जनमत पार्टीका अध्यक्ष डा.सिके राउत ऐसो आरामको कर्पोरेट जीवन त्यागेर मधेशलाई अधिकार सम्पन्न बनाउन राजनीतिको कालो कोठरीमा छिरेका उर्जावान नेता हुन् । दुबैको अ-आफ्नै दृष्टि छ । राजनीतिक दर्शन छ तर दुबैको अन्तिम लक्ष्य भनेको मधेश र मधेशीलाई अधिकार सम्पन्न बनाउनु नै हो । लक्ष्य मिल्नेसंग यस हदसम्मको प्रतिस्पर्धाको कारण अवश्य पनि विशिष्ट खालकै हुनु पर्दछ । तर सतहमा देखिने राजनीतिबारे बुझ्न वा अनुमान गर्न सजिलो हुन्छ । भित्रको गाथा बुझ्न कठिन ।

मधेशी जनतालाई सिके राउत पनि चाहिएको थियो र उपेन्द्र यादव पनि । राजेन्द्र महतो पनि चाहिएको थियो र महेन्द्र राय यादव पनि । शरद सिंह भण्डारी पनि चाहिएको थियो र डा.विजयकुमार सिंह पनि तर सम्भव भएन । एउटै स्थानबाट प्रतिस्पर्धा गरेपछि एकको हार सुनिश्चित हुन्छ । बारा २ को चुनावबाट विगतको चुनावमा संसद पुग्नबाट वंचित भएका कोही एक नेताको प्रवेश सुनिश्चित होस भन्ने मधेशको चाहना छ ।

# आसिफलाई पनि दुई लाख

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले नेपाली राष्ट्रिय क्रिकेट टिमका ओपनर आसिफ शेखलाई दुई लाख रुपैयाँ पुरस्कार दिने घोषणा गरेको छ ।

बेलायतको प्रसिद्ध मेरिलबर्न क्रिकेट क्लबले यसै साता आसिफलाई 'क्रिस्टोफर मार्टिन जेन्किन्स स्पिरिट अफ क्रिकेट अवार्ड' प्रदान गरेपछि प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सो रकम प्रदान गर्ने घोषणा गरेका छन् । यसअघि मधेश प्रदेश सरकारले राष्ट्रिय टोलीकै आरिफ शेख र गुलशन झालाई दुई/दुई लाख दिने घोषणा गरेका थिए ।

वीरगञ्जका आसिफले २०२२ फरवरी १४ मा आयरल्याण्डविरुद्धको ट्वान्टी-२० अन्तर्राष्ट्रिय खेलमा आईरिस खेलाडी एन्डी म्याकब्रायनलाई रन आउट गर्ने अवसर पाउँदा पनि खेल भावना देखाउँदै रनआउट नगरेपछि आईसीसी (अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल) ले 'आईसीसी स्पिरिट अफ क्रिकेट अवार्ड २०२२' समेत प्रदान गरेको थियो ।

सो खेलमा एन्डी म्याकब्रायन नेपाली बलर कमलसिंह ऐरीसँग जुधेर लडेपछि म्याकब्रायनले रन पूरा गर्न पाएका थिएनन् । तर, आसिफले क्याकब्रायनले रन लाइन पार नगर्दा पनि हातमा बल स्टम्प गरेका थिएनन् । सोही खेल भावनाका कारण आईसीसीले आसिफको आदर्श व्यवहारको उच्च सम्मान गर्दै वर्षको 'आईसीसी स्पिरिट अफ क्रिकेट अवार्ड' प्रदान गरेको थियो ।

उदाहरणीय खेल भावनाको परिचय दिँदै विश्वभरिका क्रिकेटप्रेमीहरूको मन जितेर प्रदेश र देशको प्रतिष्ठा बढाएकोमा उच्च कदर गर्दै प्रदेश सरकारले सम्मानस्वरुप आसिफलाई सो रकम प्रदान गर्ने जनाइएको छ ।

# साना व्यापारमा हरवाचरवा महिला

सप्तरी । सप्तरीको रुपनी गाउँपालिका-१ रायपुरकी सुनैरदेवी सदालाई अचेल बिहान हुनेबित्तिकै पसल खोल्न हतारो हुन्छ । गाउँबस्तीका धेरैजसो मानिस बिहान उठ्नेबित्तिकै घरको काममा व्यस्त हुँदा सुनैरदेवीलाई भने कतिबेला पसल खोलेर सामान बेच्ने भन्ने हतारोमा हुन्छ ।

बस्ती नजिक रहेको कन्छु नरप्रताप माविको छेउमा खोलेका किराना पसल चलाउने उनको दैनिकी नै बनेको छ । न्यून पूँजीमा सुरु गरेको किराना पसल अहिले उनको परिवार पाल्ने मुख्य माध्यमसमेत बनेको छ । केही वर्षअघिसम्म दुई छाक कसरी टार्ने भन्ने चिन्ताले पिरोलिएकी सदाको अब भन्ने त्यो दुःखको दिन गएको छ ।

पूँजी अभावमा आर्थिक उन्नति गर्ने सोच नबनाएकी सदा अहिले किराना व्यापार गरेर राम्रो आम्दानी गर्न थालेपछि उनको दुःखका दिन गएको छ । गाउँको साहुमा हरवाचरवाको काम गरी जीविकोपार्जन गर्दै आएकी उनको परिवारमा केही वर्षअघिसम्म दुःखको पहाड लागेको थियो । तर ऋण लिएर गाउँमै किराना पसल खोलेपछि दुःख विस्तारै हराउन थालेको सदा बताउछन् ।

"केही नगरी जीवनस्तर उकास्न सकिन्न भन्ने बुझेर दुई वर्षअघि न्यून पूँजीमा किराना पसल सञ्चालन गरैं, अहिले जीवनमा ठूलो परिवर्तन आएको छ", उनले भने-'व्यापार गर्ने इच्छा भएर पनि पूँजी अभावका कारण त्यसले मूर्तता पाउन सकेको थिएन, तर विसं २०७८ मा द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवा चरवा सशक्तीकरण अभियान कार्यक्रमअन्तर्गत गठित रुपनी हरवाचरवा बचत तथा ऋण समूहबाट १० हजार ऋण लिएर व्यापार सुरु गरेपछि मेरो सपना साकार भएको छ ।'

यस्तै सोही ठाउँकी पम्पादेवी सदालाई पनि अचेल तरकारी खरिद बिक्री गर्न भ्याइनभ्याइ हुन्छ । सामान्य लेखपढ गर्नसमेत नजानेकी पम्पादेवीलाई बिहान हुनेबित्तिकै तरकारी कहाँबाट खरिद गरेर ल्याउने र नजिकको सहरबजारमा कतिबेला पुऱ्याउने भन्ने हतारो हुन्छ ।

एक वर्षअघिसम्म पूँजीको अभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी उनले अहिले भने गाउँ नजिकैको सहरबजारमा तरकारी खरिद बिक्री गरेर राम्रो आम्दानी गर्दै आएकी छन् । आयआर्जनको गतिलो आधारसँगै पम्पादेवीको जीवनमा परिवर्तन मात्र होइन, परिवारको पहिचानसमेत फेरिएको छ ।

आयआर्जनको ठोस आधार नपाउँदा केही वर्षअघिसम्म गाउँकै साहुमहाजनकहाँ बनिबुतो गर्दै आएको विगत सम्झिँदै पम्पादेवीले भने-' पहिले हरवाचरवाका रूपमा ज्याला मजदुरीमा सधैं काम गरेर जीविकोपार्जन गरिरहेको थिएँ, बालबच्चालाई पालनपोषण गर्न धौ-धौ हुन्थ्यो, अहिले भने स्वतन्त्ररूपमा सानो व्यापार गरेर राम्रो आम्दानी हुन थालेको छ, जसका कारण सन्तुष्ट छु ।"

> "सुरु-सुरुमा म धेरै लजाउँथे, के गरौं नगरौं भन्ने थाहै थिएन, सधैं मजदुरी गरेर जेनतेन परिवारमात्रै पाल्थैं", नैनवती भन्छन्, "तर जब श्रीपुर्राज सामुदायिक विकास केन्द्रले गाउँमै हरवाचरवा परिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गऱ्यो, तबदेखि हाम्रो जीवनमा परिवर्तन आयो ।"

उनले दिनभरि ज्याला मजदुरीमा काम गर्दा थोरै मात्र ज्याला पाउथे, त्यसबाट परिवार चलाउन समस्या हुन्थ्यो । "तर अब मेरो त्यो दुःखको दिन कटेको छ", उनले भने । अहिले तरकारी व्यापार गरेरै पाँच जना परिवारको गुजारा चलाउँदै आएको उनको भनाइ छ ।

सोही बस्तीकी नैनवतीदेवी सदाले पनि गाउँमै चटपटे पसल सञ्चालन गरी राम्रो आम्दानी गरिरहेकी छन् । केही महिनाअघिसम्म साहुमहाजनकहाँ मजदुरी गर्दै आएकी नैनवतीलाई यतिबेला चटपटे बनाएर बिक्री गरी दैनिक रु चार सयदेखि पाँच सयसम्म कमाइ भइरहेको छ ।

आफ्नै घर अगाडि सञ्चालन गरेको चटपटे व्यापारले नैनवतीको मात्रै होइन, उनको सिङ्गो परिवार नै सुखी र खुसी बनेको छ । "परिवारका सदस्यको समेत राम्रै साथ पाएकी छु", नैनवती भन्छन्, "चटपटे व्यापार गरेर परिवारको गुजारा चलाउनुका साथै छोराछोरीको पढाइ खर्चसँगै परिवारमा आइपर्ने आर्थिक समस्या पनि समाधान गर्दै आएकी छु ।"

आर्थिक विपन्नता र चेतना अभावमा साहुमहाजनकहाँ श्रम गर्दै आएकी सुनैरदेवी, पम्पा र नैनवतीको जीवनमा आएको यो परिवर्तन कुनै चमत्कारिक शक्तिबाट नभई श्रीपुर्राज सामुदायिक विकास केन्द्रले द फ्रिडम फन्डको सहयोगमा सञ्चालन गरेको हरवा सशक्तीकरण कार्यक्रमबाट आएको हो ।

"सुरु-सुरुमा म धेरै लजाउँथे, के गरौं नगरौं भन्ने थाहै थिएन, सधैं मजदुरी गरेर जेनतेन परिवारमात्रै पाल्थैं", नैनवती भन्छन्, "तर जब श्रीपुर्राज सामुदायिक विकास केन्द्रले गाउँमै हरवाचरवा परिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गऱ्यो, तबदेखि हाम्रो जीवनमा परिवर्तन आयो ।"

द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवाको सशक्तीकरण कार्यक्रमअन्तर्गत गाउँकै महिलाको सक्रियतामा गठन भएको बचत तथा समूहमा आबद्ध भएका उनीहरू त्यही समूहबाट ऋण लिएर व्यापार सुरु गरेको बताउछन् ।

सिरहाको लहान, गोलबजार, धनगढीमाई तथा सप्तरीको वीरेन्द्र बजार, राजविराजबाट तरकारी खरिद गरी गाउँसँगै नजिकैको कठौना, ट्राफिक बजारलगायतको बजारमा तरकारी व्यापार गर्दै आएकी पम्पादेवी भन्छन् , "अहिले त्यही तरकारी व्यापारबाट दैनिक रु पाँच सयदेखि रु सात सयसम्म कमाइ भइरहेको छ ।'

आफू आबद्ध भएको रुपनी हरवाचरवा बचत तथा ऋण समूहबाट रु पाँच हजार ऋण लिएर सुरु गरेको तरकारी व्यापार फस्टाउँदै गएपछि ऋण चुक्ता गरेर समूहमै बचत गर्दै आएको उनी बताउँछन् । साधारण लेखपढ गर्न मात्र जानेकी सुनैरदेवी समूहमा लागेपछि निर्धक्क बोल्न सक्ने मात्र होइन, आम्दानी गर्ने र बचत गर्ने बानीको समेत आफूमा विकास भएको बताउछन् ।

सो समूहमा १८ महिला र २९ पुरुष गरी ४७ जना हरवाचरवा परिवारका सदस्य आबद्ध छन् । आबद्ध भएका हरेक सदस्यले मासिक रु एक सयका दरले बचतसमेत गर्दै आएका छन् । सदस्यले मासिकरूपमा गरेको बचत रकम रु १८ हजारभन्दा बढी पुगेको छ । बचत भएको रकम समूहकै सदस्यमा ऋण लगानी गर्ने गरिएको छ । यसबाट महिलामा बचतसँगै ऋण प्रवाहको समेत विकास भएको उनको बुझाइ छ ।

पछिल्लो केही वर्षयता हरवाचरवा दलित महिलामा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले सकारात्मक सन्देश दिएको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता पूनम चौधरीको भनाइ छ । "केही वर्षअघिसम्म साहुमहाजनकहाँ मजदुरी गर्दै आएका हरवाचरवा परिवारका महिला विस्तारै साना व्यवसायमा हौसिँदै गएका छन्", सहजकर्ता चौधरी भन्छन्, "पछिल्लो समय उनीहरूले देखाएको उत्साहबाट पाठ सिकेर अन्य महिला अघि बढ्न सके आर्थिकसँगै सामाजिक क्षेत्रमा समेत ठूलो परिवर्तन आउन सक्छ ।" रासस

# भरततालमा स्वदेशी पर्यटकको संख्यामा वृद्धि



टुडे समाचारदाता

सर्लाही । सर्लाहीको बागमती नदी किनारमा अवस्थित नव-निर्मित भरततालमा चहलपहल ह्वातै बढेको छ । बागमती खोला किनारमा निरन्तर बहने चिसो हावाका कारण गर्मीबाट छुटकारा पाउन तालमा जानेहरुको संख्या बढेको छ ।

भरततालस्थित बोट व्यवसायी संघका सदस्य रामकाजी थापाले गर्मी सुरु भएपछि रमाउन आउने बाह्य तथा आन्तरिक पर्यटकको संख्यामा वृद्धि भएको वताए । उनले अहिले सरदर चार हजार बढीले भरततालको सौन्दर्य नियाल्ने गरेको जानकारी दिए ।

शुक्रवार मोटरबोट चढ्न तालको किनारमा भेटिएका विहार सीतामढीका शिवशंकर गुप्ताले भरतताल तथा रौतहट जिल्लाको नुनथर पहाड घुम्न आफ्नो परिवारका साथ आएको वताए । उनले भने- 'आफ्नो मुलुकमा मोटरबोट चढ्न मुम्बईको गोवा पुग्नुपर्ने बाध्यता रहेको छ ।'

'यति ठूलो तालमा मोटरबोट चढेर बिहार गर्दा आफू सामुद्रिक यात्रामा रहेको भान हुन्छ', भरतताल छेउमा पसल सञ्चालन गरी बसेका लालबन्दी नगरपालिका-६ का ज्ञानवहादुर वाईवाले भने-' मोटरबाटले पानीजहाज चढ्ने धोको पुर्‍याइ दिएको छ ।'

अहिले तालमा २८ सीट क्षमताको ३० मोटरबोट र ६५ सीट क्षमताको एउटा आधुनिक मिनि क्रुजले बाह्य तथा आन्तरिक पर्यटकहरुलाई सेवा दिइ रहेको छ । झन्डै एक सय विग्हा क्षेत्रफलको ओगटेको यस तालमा सयौको संख्यामा झुण्ड बनाइ आउने पानी हाँसले थप सौन्दर्य बढाइ रहेको छ ।

ताल वरपर घोडचढी सेवासमेत सुरु गरिएको छ । सिंगारिएको घोडा चढ्न र तस्वीर खिचाउन प्रायः युवायुवतीहरुको घुईचो देखिने गरेको छ । बागमती नगरपालिकालाई मोटरबोट सञ्चालन गरेबापत दैनिक १५-२० हजार रुपैयाँ राजस्व तिर्ने गरिएको जानकारी दिँदै बोट व्यवसायी संघका सदस्य रामकाजी थापाले भने, 'सिजनमा एक लाख रुपैयाँसम्म राजस्व तिरेका छौ ।'

भरततालमा घुम्न आउने पर्यटकहरुको पहिलो रोजाई मोटरबोट चढ्ने हुने गरेको स्थानीय पत्रकार श्रवण थापाको भनाइ छ । उनका अनुसार, त्यसपछि तस्वीर खिचाउने र मम, चाउमिनको स्वाद लिदै काललाई नियाल्ने गरेको छ । तालको छेउछाउमा ५० जनाभन्दा वढी क्यामरा बोकेका व्यक्तिहरु भेटिने गरेका छन् । क्यामरा बोकेर सेवाग्राहीको पर्खाईमा रहेका स्थनीय सुजितकुमार साहले विभिन्न पोजमा युवायुवतीहरुले तस्वीर खिचाउन मनपराउने गरेको वताए । उनले तस्वीर खिचेर दैनिक सरदर दुई हजार रुपैयाँसम्म कमाई हुने गरेको जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८